# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ४६ | काठमाडौं | बिहीबार, २५ जेठ २०८० | Prabhab National Daily | Thursday, June 8, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


'कोशी' नामांकन विवाद

## प्रदेश सरकारले बनायो वार्ता टोली

### आन्दोलनरत पक्षबाट वार्ता अस्वीकार


तिलकुमार मेन्याङ्बो (संयोजक)


भक्तिप्रसाद सिटौला


बुद्धिकुमार राजभण्डारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** देशको पूर्वी क्षेत्रको प्रदेशको नाम 'कोशी' राखिएपछि साढे तीन महिनादेखि आन्दोलनरत पहिचान पक्षधरहरूसँग वार्ता गर्न कोशी प्रदेश सरकारले वार्ता टोली गठन गरेको छ। यसअघि बहुमतको सरकार हुँदा पहिचानवादीहरूलाई अर्को चुनावमा बहुमत ल्याएर नाम संशोधन गर्ने विकल्प रहेको बताउने मुख्यमन्त्री हिक्मत कार्की नेतृत्वको सरकारले बल्ल वार्ता टोली गठन गरेको हो।

वार्ता टोलीमा खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री तिलकुमार मेन्याङ्बो संयोजक, सामाजिक विकासमन्त्री बुद्धिकुमार राजभण्डारी र सरकार प्रवक्ता तथा कृषिमन्त्री भक्तिप्रसाद सिटौला सदस्य छन्। मेन्याङ्बो र राजभण्डारी एमाले तथा सिटौला राप्रपाका हुन्।

एकातिर माओवादी संघ सरकारबाट अलग भएपछि सरकार अल्पमतमा परेको र अर्कातिर १४ जेठमा संसद्मा नीति तथा कार्यक्रम प्रस्तुत भएकै दिनदेखि पहिचानवादीहरूले लगातार संसद् घेराउ भइरहेको अवस्थाबीच वार्ता टोली गठन भएको हो। मुख्यमन्त्री कार्कीका प्रेस सल्लाहकार महेन्द्र विष्टका अनुसार बुधबार बसेको मन्त्रिपरिषद्ले वार्ता टोली गठन गरेको हो। (बाँकी पृष्ठ २ मा)



> अल्पमतको सरकारले ललिपप देखाएर झुक्याउन खोजेको रूपमा हामीले बुझेका छौं। त्यसैले वार्ताको औचित्य छैन
>
> ■ **संगम सुहाङ**
> पहिचान आन्दोलनका अगुवा

# कम्युनिस्ट फेरि जुट्दै, कांग्रेसमा छैन सुरसार

- वामदेव गौतम एमालेमा फर्किने
- नेकपा एसबाट एमाले फर्किने नेताहरूको लहर रोकिएन
- नेत्रविक्रम चन्द माओवादीमा फर्किने तयारी
- डा. बाबुराम भट्टराई पनि समाजवादी केन्द्र बनेपछि फर्किने
- कांग्रेस छाडेकाहरू भने फर्किन अनिच्छुक








> आफ्नै राजनीतिक स्वार्थ पूरा गर्न र राजनीतिक भविष्य सुरक्षित राख्न कम्युनिस्ट नेताहरु पहिलेकै पार्टीमा फर्किने गरेको देख्छु।
>
> ■ **भीम भूर्तेल**
> राजनीतिक विश्लेषक

---ooo---

> देउवाजीको कार्यशैली छाडेर गएका नेताहरूलाई मन परेको छैन। उनी नेतृत्वमा हुञ्जेल फर्किने देखिदैँन
>
> ■ **प्रा.डा. लोकराज बराल**
> राजनीतिशास्त्री

■ जेबी योञ्जन

**काठमाडौं–** कम्युनिस्ट पार्टीहरूमा पहिले अलगथलग भएका नेताहरू धमाधम पूर्ववर्ती पार्टीमा फर्किंदै छन्। केही फर्किने सुरसारमा छन्। बुधबारमात्रै नेपाली कम्युनिस्ट आन्दोलनका एक जना शीर्षस्थ नेता वामदेव गौतमले एमालेमा फर्किने संकेत गरे। उनले पत्रकारहरूसँग भने, 'मेरो पार्टी सदस्यता एमालेमै छ।'

तत्कालीन नेकपा विभाजन हुँदा ब्युँतिएका दलहरू नेकपा एमाले र नेकपा माओवादी केन्द्रलाई फेरि एकता प्रक्रियामा ल्याउने भन्दै गौतमले नेकपा एकता राष्ट्रिय अभियान चलाएका थिए। तर, एकता अभियान निष्प्रभावी बन्यो।

एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच एकपटक भेटवार्तासमेत गराउन सकेनन्। यसले नेकपा एकता राष्ट्रिय अभियान नाममै सीमित भएको पुष्टि गर्छ। अभियानमा सुरुमा जोडिएका धेरै नेताले पनि उनलाई छाडिसकेका छन्।

यसरी एकातिर सांगठनिक रूपमा निकै कमजोर बन्दै जानु र अर्कातिर राष्ट्रिय सभा सदस्यको पदावधि सकिन केही वर्ष छँदा उनी एमालेमै फर्किन लागेका हुन्। एमाले फर्किन उनले ओलीको मुख ताकिरहेका छन्। ओलीले पनि सदस्यता एमालेमै रहेकाले गौतमलाई एमाले आउन समस्या नभएको बताइसकेका छन्।

एमालेमा मंगलबारमात्रै नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष केदार न्यौपाने फर्किए। त्यसअघि सोही दलका वरिष्ठ नेता मुकुन्द न्यौपाने एमालेमै फर्किएका थिए। गत ४ मंसिरको निर्वाचनअघि त नेकपा एसबाट थुप्रै नेता एमालेमा फर्किए। जो नेताहरू ओलीले पार्टीलाई विधि, विधान र अनुशासनमा नचलाएको प्रश्न उठाउँदै अलग भएका थिए। उनीहरूको असन्तुष्टि ओलीको कार्यशैलीमा पनि थियो। तर, यतिबेला धमाधम फर्किंदै छन्।

फर्किएका नेताहरूले नेपाली कम्युनिस्ट आन्दोलनलाई उचाइमा पुऱ्याउन एमालेमै फर्किएको बताउने गरेका छन्। निर्वाचनको सम्मुखमा एमालेबाट अलग भएका र स्वतन्त्र भएर निर्वाचन जितेका सांसद किरणकुमार साह एमालेमै आइसकेका छन्। अर्का सांसद शिव मण्डल पनि एमाले फर्किन लागेका विवरणहरू आइरहेका छन्।

अर्को कम्युनिस्ट पार्टी माओवादी केन्द्रमा पनि पहिले अलगथलग भएका नेताहरू आउने क्रम जारी छ। आउन लागेकाहरू पनि थुप्रै छन्। पार्टी सचिवसमेत भइसकेका नेकपा महासचिव नेत्रविक्रम चन्द माओवादीमा केही दिनमै आउने तयारीमा छन्। माओवादी आन्दोलनलाई नयाँ शिराबाट अघि बढाउन स-साना शक्तिमा विभाजित भएर बस्नु औचित्यपूर्ण नहुने र आन्दोलनका दौरान भएका कमिकमजोरीलाई सच्याउँदै एक ठाउँमा आउन आवश्यक भएको उनले भन्दै आएका छन्।

माओवादी उपाध्यक्ष भइसकेका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई त निर्वाचनअघि नै माओवादी फर्किने सुरमा थिए। तर, नामचाहिँ माओवादी हटाएर समाजवादी केन्द्र राख्नुपर्ने (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## 'श्रमिकको समस्यासँग अभ्यस्त छु, सरकार छ भन्ने महसुस गराउँछौं'



■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको समस्यासँग आफू अभ्यस्त रहेको बताएका छन्। मन्त्रालयमा मंगलबार गैरआवासीय नेपाली संघ (एनआएनए)को प्रतिनिधिमण्डलसँगको भेटमा उनले उक्त कुरा बताएका हुन्।

मन्त्री भण्डारीले विदेशमा रहेका श्रमिकका समस्यासँग साक्षात्कार हुँदाहुँदै पनि विविध कारणले समयमै सम्बोधन हुन नसकेको बताए। 'अब श्रमिकको हक अधिकार सुनिश्चित गर्न र सुरक्षित, व्यवस्थित तथा मर्यादित रोजगारीका लागि प्रोत्साहित गर्न सरकारले काम सुरु गरिसकेको छ,' उनले भने, 'यसका लागि तपाईंहरूसँग सहकार्य गर्दै परिणाममुखी कार्यका लागि सरकार हातेमालो गर्न सदैव तयार छ।' मन्त्री भण्डारीले आफ्नै कार्यकालमा श्रमिकहरूको समस्या समाधानका लागि अधिकतम पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे। यसका लागि गन्तव्य मुलुक हेर्ने कूटनीतिक नियोग र राजदूतहरूसँग पनि छलफल तथा परामर्श गरिरहेको उनले बताए।

मन्त्री भण्डारीले जुनसुकै मुलुकमा पुगेर श्रम गरिरहे पनि सबै नेपालीलाई 'आफ्नै देश छ र सरकारले गर्छ' भन्ने महसुस गराउने गरी कामको सुरुआत भइसकेको बताए। उनले विदेशमा रहेका श्रमिकको बाध्यात्मक अवस्था र समस्याको पहिचान गर्दै सुरक्षित रोजगारका लागि प्रोत्साहित गर्न एकत्रितरूपमा डिजिटल रोजगार केन्द्रको अवधारणा ल्याउन लागिएको जानकारी दिए। मध्यपूर्वमा रहेका महिला श्रमिकका समस्या, घरेलु कामदार पठाउने विषय र यसअघि विविध कारणले रोक लगाइएका श्रम गन्तव्य मुलुकका सम्बन्धमा पनि सरकारले पुनरवलोकनको नीति लिइएको उनले बताए।

भेटका क्रममा एनआरएनएले यही जुन २८ देखि ३० तारिखसम्म ओमानमा हुने मध्यपूर्वी क्षेत्रीय सम्मेलनमा सहभागी हुन मन्त्री भण्डारीलाई आमन्त्रण गरेको छ। उक्त भेटमा एनआरएनएका उपाध्यक्ष आरके शर्माले मध्यपूर्वका केही देशमा महिला श्रमिकलाई पुनः श्रम स्वीकृतिमा लगाइएको रोक र इराकलगायतका केही मुलुकमा रोजगारीका लागि जान लगाइएको प्रतिबन्ध खुला गर्न मन्त्री भण्डारीसँग माग गरे। उनले वैदेशिक रोजगारीमा रहेकाहरूलाई सामाजिक सुरक्षा योजनाको दायरामा ल्याउन ओमानमा हुने सम्मेलनले महत्त्वपूर्ण भूमिका खेल्ने बताए। सरकारले सामाजिक सुरक्षा कोषमा योगदान गरेबापत कम्तीमा दुई प्रतिशत लाभांशको व्यवस्था गर्नसके श्रमिकको आकर्षण बढ्ने उपाध्यक्ष शर्माले बताए। त्यस्तै एनआरएनएका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले लाखौं श्रमिकले नेपाल पठाउने रकम अझै औपचारिक माध्यमबाट आउन नसकेको बताए। सरकारले रेमिटचान्सलाई बैंकिङ च्यानलबाट भित्र्याउने बतावरण बनाउन विभिन्न प्रोत्साहनका योजना ल्याउनुपर्ने उनले बताए। महतोले एनआरएनले मध्यपूर्व र मलेसियालगायत मुलुकमा रहेका नेपाली श्रमिकहरूलाई प्राथमिकतामा राख्दै आएको बताए।

## ठगीको आरोपमा दुई जना पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा पठाइदिने भन्दै विभिन्न व्यक्तिलाई ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। दुबई र कम्बोडियामा आकर्षक तलबसहितको रोजगारीमा लगाइदिने भन्दै पीडितहरूबाट रकम संकलन गरी फरार रहेको आरोपमा मुनादेवी कार्की र शेरबहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको हो।

झापाको दमक नगरपालिका स्थायी घर भई हाल काठमाडौं बूढानीलकण्ठ-८ बस्ने ४५ वर्षीया कार्कीले उमेश श्रेष्ठलाई दुबई जान चार लाख ५० हजार रूपैयाँ लाग्ने र बाइक राइडरको काम लागाइदिने भन्दै पटक-पटक गरी पूरै रकम लिएर ठगी गरेको प्रहरीले जनाएको छ। उनले पीडितलाई दुबईमा एक लाख रूपैयाँभन्दा बढी मासिक तलब हुने भनी विश्वास दिलाई पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ। कार्कीलाई बबरमहलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

त्यस्तै सोलखुम्बु लिखुपिके गाउँपालिका गोलिगुम्बा स्थायी घर भई हाल काठमाडौं स्वयम्भू पाँचधारा बस्ने ४६ वर्षीय तामाङले खुमबहादुर रानालाई रोजगारीका लागि कम्बोडिया जान छ लाख रूपैयाँ लाग्ने भन्दै पटक-पटक गरी पाँच लाख रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ। कम्बोडियामा मासिक एक लाख ५० हजार रूपैयाँभन्दा बढी तलब हुने भन्दै विश्वास दिलाइ रोजगारीको प्रलोभनमा पारी रकम संकलन गरी सम्पर्कविहीन अवस्थामा तामाङलाई पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ। उनलाई काठमाडौं बानेश्वरबाट पक्राउ गरिएको हो।

उनीहरू दुवैजनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो। पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभागले निजहरूलाई पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो। पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए।




# राष्ट्रिय महत्त्वका अभिलेख संरक्षणमा समस्या

■ पूर्णप्रसाद मिश्र

**काठमाडौं–** सरकारले विभागस्तरमा स्तरोन्नति गरेको पाँच वर्ष बिते पनि राष्ट्रिय अभिलेखालयमा आवश्यक जनशक्ति र बजेटको व्यवस्था हुन सकेको छैन । विभागस्तरमा स्तरोन्नति भएको पाँच वर्षमा पनि अभिलेखालय ३० जनाको दरबन्दीमा चलेको छ । यसमध्ये पनि हाल अभिलेखालयमा २० जनामात्र कार्यरत छन् । दश पद रिक्त छ । जनशक्ति र बजेट अभावमा सरकारको लक्ष्य र उद्देश्यअनुरूप ऐतिहासिक महत्त्वका अभिलेख संरक्षण गर्न नसकिएको अभिलेखालयका महानिर्देशक सौभाग्य प्रधानांगले बताए ।

'महत्त्वपूर्ण अभिलेख व्यवस्थापनमा बजेटले ध्यान दिएन, चालु आर्थिक वर्षको तुलनामा आगामी वर्षको कार्यक्रम घटेको छ, श्रव्यदृश्य संकलन र सम्पादनका काम रोकिने भएको छ, चालु आवमा चार करोड ८५ हजार रूपैयाँ बजेट छ, आगामी वर्ष पनि बजेट त्यति नै भए पनि कार्यक्रम भने घटेको छ, महत्त्वपूर्ण अभिलेख संरक्षणका लागि गर्नुपर्ने जति काम गर्ने गरी जनशक्ति र बजेट हामीसँग छैन,' उनले भने ।

महत्त्वपूर्ण अभिलेख संकलन र संरक्षणमा बजेट र जनशक्ति कम भएको विषय अभिलेखालयले राष्ट्रियसभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा पनि राखेको छ । समितिले सरकारका सम्बन्धित निकायलाई अभिलेख संरक्षणका लागि आवश्यक काम गर्न निर्देशन दिनाका साथै सरोकार भएका निकायलाई बोलाएर बैठक गर्ने जानकारीसमेत दिएको छ ।

बजेट र जनशक्तिको अभावमा अभिलेखालयमा रहेका हजारौं महत्त्वपूर्ण हस्तलिखित ग्रन्थको अध्ययन अनुसन्धान हुन सकेको छैन । अध्ययन अनुसन्धान नहुँदा विभिन्न विधाका ती हस्तलिखित ग्रन्थको उपयोगिता हुन सकेको छैन । महत्त्वका ग्रन्थ थुपारेरमात्र राखेजस्तो भएको छ । पतञ्जली योगपीठका स्वामी रामदेव र आचार्य बालकृष्णले अभिलेखालयकै ग्रन्थको प्रतिलिपि लगेर आयुर्वेदमा विश्वव्यापी अभियान चलाएको जनाइएको छ ।

### यस्तो छ राष्ट्रिय अभिलेखालयको इतिहास

वि.सं. १८६७ सम्म हनुमानढोका दरबारको एक कोठामा राखिएका सरकारी कागज संकलन गरी चिताइ तहविल, वीर पुस्तकालय हुँदै २०२४ सालमा राष्ट्रिय अभिलेखालय स्थापना भएको थियो । यहाँ संकलित ग्रन्थ एवं वस्तुको अनुसन्धान गर्न विश्वका महत्त्वपूर्ण संस्था एवं व्यक्ति अभिलेखालयमा आउँछन् ।

अभिलेखालय भवन पुरातात्त्विक महत्त्वका सामग्री राख्न वातानुकूलित स्वरूपमा निर्माण गरिएको छ । वि.सं. २०२४ मा भारत सरकारको सहयोगमा अभिलेखालय भवन निर्माण भएको हो । पाँचौं शताब्दीदेखिका हस्तलिखित लगायतका अन्य महत्त्वपूर्ण तथा दुर्लभ ग्रन्थ यहाँ संग्रह गरी राखिएको छ ।

नेपालको इतिहास र संस्कृतिको अकाट्य स्रोतका रूपमा रहेका कैयौं विधासँग सम्बन्धित अभिलेख यहाँ छन् । सातौं-आठौं शताब्दीदेखि बीसौं शताब्दीसम्मका विभिन्न भाषा, लिपि र विषयसँग सम्बन्धित ग्रन्थ ताडपत्र, भोजपत्र, नीलपत्र, नेपाली कागज, थ्यासफु आदि अभिलेख यहाँ संकलित छन् ।

अभिलेखालयमा पाँचौं शताब्दीका १० भूमिश्वर, सन् ८१० को उत्तरलिच्छवी लिपिमा लेखिएको स्कन्दपुराण, आठौं शताब्दीकै ताडपत्रमा लेखिएको सद्धर्मपुण्डरिक सूत्र, ११औं शताब्दीको ताडपत्रमा लेखिएको विनयपिटक, १२ औं शताब्दीको कारण्यव्यूहसूत्र, सन् १३८० को जयस्थिति मल्लको वैधानिक कानुन 'न्यायविकासिनि,' नेपाल संवत् २८ को आयुर्वेदसम्बन्धी ग्रन्थ लंकावतार, युनेस्कोको 'मेमोरी अफ द वल्र्ड रजिस्टर' मा सूचीकृत नवौं शताब्दीको शैवतन्त्रसम्बन्धी ग्रन्थ निश्वासतत्वसंहिता आदि विश्वमै प्रसिद्धि कमाएका ग्रन्थ हुन् । संसारले नै गौरव गरेका र अमूल्य सम्पत्ति अभिलेखालयमा सुरक्षित रहेको महानिर्देशक प्रधानांगले बताए ।

अभिलेखालयमा करिब ३२ हजार हस्तलिखित ग्रन्थका मूलप्रति, करिब २० हजार अभिलेख, १० हजार तिब्बती ग्रन्थ, दुई लाख ग्रन्थका माइक्रोफिल्मका प्रति र लाखौंको संख्यामा अन्य दस्तावेज संकलित रहेको उनले जानकारी दिए । कुमारीचोकको भूमिसम्बन्धी कागजात, पृथ्वीनारायण शाहको दिव्योपदेशको सक्कलप्रति, भूमिसम्बन्धी पुराना तमसुकलगायत सामग्री पनि अभिलेखालयमा सुरक्षित छन् ।

अभिलेखालयमा ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पौराणिक महत्त्वका ग्रन्थ प्रशस्त भए पनि पछिल्लो समय सरकारी कार्यालयकै दस्तावेज आउन सकेको छैन । सरकारका सबै दस्तावेज अभिलेखालयमा नआउँदा एकै स्थानबाट पाउन नसकिने अवस्थामा पुगेको छ । सम्बन्धित कार्यालयले ती अभिलेखको संरक्षण पनि गर्न सकेका छैनन् । सबै कार्यालयले २५ वर्ष पुराना दस्तावेज अनिवार्य रूपमा अभिलेखालयमा बुझाउनुपर्ने व्यवस्थालाई कडाइका साथ पालना गराउन लाग्ने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रतिबद्धता जनाउने गरे पनि त्यो पूरा हुन सकेको छैन ।

अभिलेखालयमा अध्ययनका लागि अनुसन्धानकर्ता तथा विद्यार्थी आउने र प्रतिलिपि माग गर्ने गरेका छन् । यसरी प्रतिलिपि माग गर्नेको संख्या प्रत्येक दिन वृद्धि भएको छ । अभिलेख संरक्षण ऐन, २०४६ र नियमावली, २०६३ ले राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण कागजातलाई अभिलेखका रूपमा व्यवस्थित एवं सुरक्षित तरिकाले राख्ने कानुनी अधिकार प्राप्त एकमात्र सरकारी निकाय अभिलेखालय हो भनेको छ । *रासस*

## कम्युनिस्ट फेरि...

पृष्ठ १ बाट जारी

उनको मत छ । यो नाममा अन्य समाजवादी नेताहरूलाई पनि अटाएर जान सकिने उनले बताउँदै आएका छन् ।

तर, पनि समाजवादी केन्द्र बनिसकेको छैन, जसले गर्दा उनी नेपाल समाजवादी पार्टीमै छन् । अन्य मसिना पूर्वमाओवादी घटकहरूले पनि माओवादीमै फर्किने सुर गरिरहेका छन् ।

वाम राजनीतिक विश्लेषक भीम भूर्तेल जनताको हितभन्दा पनि आफ्नै राजनीतिक भविष्य सुरक्षित गर्न पहिले पार्टी छाडेकाहरू फेरि सोही पार्टीमा फर्किने गरेको बताउँछन् । आफू अलग हुँदा गठन गरेको दल वा आबद्ध भएका कुनै दलको राजनीतिक भविष्य अँध्यारो देखेपछि नेताहरू बहाना बनाएर पूर्ववर्ती दलमा फर्किने गरेको उनको ठम्याइ छ ।

'स्वार्थमा जनताको मुद्दा हुनुपर्छ । तर, आफ्नै राजनीतिक स्वार्थ पूरा गर्न र राजनीतिक भविष्य सुरक्षित राख्न पहिलेकै पार्टीमा फर्किने गरेको देख्छु,' उनले प्रभावसँग भने, 'यो जनताको हितमा हुँदैन ।'

देशकै ठूलो लोकतान्त्रिक दल भनिएको कांग्रेसमा भने ठीक उल्टो छ । त्यहाँ आउनेभन्दा जाने नेताहरू बढी छन् ।

गत उपनिर्वाचनको सम्मुखमा कांग्रेससँग नजिक भएर लामो समयदेखि क्रियाशील अर्थविद् डा. स्वर्णिम वाग्ले कांग्रेसबाट अलग भए । स्थापना भएको एक वर्ष पनि नभएको दल राष्ट्रिय स्वतन्त्र पार्टीमा गए । त्यही दलबाट उपनिर्वाचन तनहुँ- १ मा लडे । जितेर संसद्मा आएका छन् ।

उनी गत ४ मंसिरको चुनावमा कांग्रेसको घोषणापत्र लेख्नेमध्येकै एक जना सदस्य हुन् । हाल रास्वपा सांसद रहेका मनिष झा पनि कांग्रेसको घोषणापत्र लेख्ने युवा नेता हुन् । अर्का सांसद सन्तोष परियार र शिशिर खनाल पनि रास्वपा स्थापना हुनुअघि कांग्रेससँगै नजिक थिए । कांग्रेसबाट अलग भएर उनीहरू विधायकको हैसियतमा छन् । जसरी कम्युनिस्ट पार्टीमा पहिले अलग भएका नेताहरू फर्किंदैछन्, उनीहरूको भने कांग्रेस फर्किने सुरसार छैन ।

कांग्रेसदेखि अलग भएर स्वतन्त्र चुनाव लडेका नेता डा. अमरेशकुमार सिंहले पनि कांग्रेसमा फर्किन चाहेका छैनन् । उनको राजनीतिक रूपमा कांग्रेस सभापति शेरबहादुर देउवासँग तीक्ततापूर्ण सम्बन्ध छ । जसका कारण तत्काल कांग्रेस फर्किने पक्षमा उनी छैनन् ।

कांग्रेसले गत उपनिर्वाचनअघि पार्टी अनुशासनको कारबाही फुकुवा गरेका नेताहरूसमेत कांग्रेसमा फर्किन मानेका छैनन् । पूर्वमन्त्री गोविन्दराज जोशीदेखि पूर्वसभासद जगन्नाथ पौडेलले कांग्रेस फर्किन इच्छाएनन् । बरु, रवि लामिछाने नेतृत्वको दल रास्वपामा मतदान गर्न गत उपनिर्वाचनमा निकटस्थहरूलाई सुझाए ।

राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल देउवा सभापति हुञ्जेल कांग्रेस छाडेका नेताहरू पार्टीमा फर्किने सम्भावना देख्दैनन् । अन्तर्घातको नाममा अनुशासन कारबाहीको डण्डी चलाएर प्रतिस्पर्धी नेताहरूको राजनीतिक भविष्य अन्धकार बनाएका कारण कांग्रेस फर्किन अलग भएकाहरू नचाहेको उनलाई लाग्छ ।

'देउवाजीको कार्यशैली छाडेर गएका नेताहरूलाई मन परेको छैन । उनी नेतृत्वमा हुञ्जेल फर्किने देखिदनँ,' उनले भने, 'प्रतिरोधपूर्ण ढंगले पार्टी राजनीति सकिदिएको बुझाइ पार्टीबाट अलग भएका नेताहरूको छ ।'

कांग्रेसमा नेतृत्व परिवर्तनको माग नउठेको होइन । महामन्त्री गगन थापासहितका नेताहरू त अहिले पनि पार्टी रूपान्तरण अभियानको नाममा देउवाको विकल्प खोजिरहेका छन् । तर, सार्थक हुन सकेको छैन । पार्टी छाडेकाहरूलाई फर्कौं फर्कौं लाग्ने भएको छैन । जबकि, कम्युनिस्ट पार्टीहरूमा भने धमाधम फर्किरहेका छन् ।

## प्रदेश सरकारले...

पृष्ठ १ बाट जारी

पहिचान पक्षधरहरूले भने वार्ताको औचित्य नभएको बताएका छन् । वार्ता टोली पनि गठन गरेका छैनन् । आन्दोलनको अग्रमोर्चामा खटिँदै आएका एक जना युवा नेता संगम सुहाङले प्रभावसँग भनेका छन्, 'अल्पमतको सरकारले ललिपप देखाएर झुक्याउन खोजेको रूपमा हामीले बुझेका छौं र त्यसैले यो वार्ताको औचित्य छैन ।'

वार्ता टोली गठन गरे पनि आन्दोलनरत पक्षलाई त्यहाँको सरकारले वार्तामा आउन आधिकारिक पत्र भने पठाएको छैन । विज्ञप्तिमार्फत आह्वानमात्रै गरेको छ । त्यसलाई आन्दोलनरत पहिचान पक्षधरहरूले बेवास्ता गर्दै आएका छन् । बरु, आन्दोलनलाई थप चर्काउँदै लगेका छन् ।

आन्दोलनकै क्रममा १० चैतमा लाजेहाङ भनिने पदम सुक्वाबा लिम्बूले ज्यान गुमाएका छन् । थुप्रै आन्दोलनकारी र सुरक्षाकर्मी घाइते भइसकेका छन् । गृह मन्त्रालयका एक जना अधिकारीका अनुसार प्रदेशको नाम 'कोशी'प्रति असन्तुष्ट आन्दोलनकारीहरूले सशस्त्र दस्ता नै निर्माण गर्न थालेको विवरणहरू प्राप्त भएको जानकारी दिए । त्यसले प्रदेशको शान्ति सुव्यवस्थामा खलल पुग्न सक्ने गृहको विश्लेषण छ ।

'लिम्बुवान भोलिन्टियर्स (एलभी), किरात फोर्स र कांसोरे फोर्स गठन गरेको सूचना प्राप्त भएको छ । हामी सूक्ष्म ढंगले विश्लेषण पनि गरिरहेका छौं,' उनले भने, 'यस्ता दस्ताहरू शान्ति सुरक्षाका चुनौती हुन् । नियन्त्रण त गर्नैपर्छ सरकारले ।'

प्रदेश सरकारको दुई तिहाइभन्दा बढी बहुमतले १७ फागुनमा प्रदेशको नाम 'कोशी' पारित गरेको थियो । त्यही दिनदेखि प्रदेश अशान्त छ । प्रदेशका ठाउँठाउँमा पहिचानवादी आन्दोलनकारीहरूले कालो झण्डा गाडेका छन् । कतै त प्रदेशको नाम 'कोशी' राखिएको बोर्ड नै तोड्फोड गरेका छन् । 'कोशी' नामको प्रस्तावक, समर्थकदेखि उक्त नाममा मतदान गर्ने एमाले, कांग्रेस, माओवादी र राप्रपाका गरी ८२ जना सांसदलाई उनीहरूले पटकपटक प्रतिरोध गरेका छन् । मुख्यमन्त्री कार्की, माओवादी संसदीय दलका नेता इन्द्र आङ्बोलगायत नेताका त पुत्ला दहन नै गरिएको छ ।

यी घटनाहरूले नामकै कारण प्रदेश आन्तरिक द्वन्द्वमा फसेको देखाउँछ । पहिचान पक्षधरहरूले प्रदेशको नाम पुनः नामांकन गर्नुपर्ने र गर्दा ऐतिहासिक पृष्ठभूमिका आधारमा किरात-लिम्बुवान राख्नैपर्ने बताउँदै आएका छन् ।

**ठेगाना/स्थान, कार्यक्रम र शिक्षण संस्थाको नाम परिवर्तन सम्बन्धमा ढाबी विरोध गर्ने सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०२/२४) (दोश्रो पटक प्रकाशित मितिः २०८०/०२/२५)

मिति २०८०/०२/१५ को सञ्चालक समितिको निर्णय बमोजिम कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि. (प्रा.लि. नं. १४००५/५७/५८) र यस अन्तर्गत सञ्चालित संस्था, कलेज फर प्रोफेशनल स्टडिज साविकको स्थानबाट काठमाडौं महानगरपालिका, वडा नम्बर १०, नयाँ बानेश्वर, काठमाडौंमा सार्ने, शिक्षण संस्थाको साविकको नाम हटाई नयाँ नाम **टेकस्पायर कलेज (Techspire College)** राख्ने र शिक्षण संस्थामा हाल संचालनमा रहेको Master of Science in Information Technology Management को कार्यक्रम B.Sc.(Hons) in Information Technology मा परीवर्तन गर्ने निर्णय भई प्रक्रिया अगाडि बढेकाले त्यसमा कसैको दाबी विरोध भएमा कार्यालय समय भित्र कम्पनीको कार्यालयमा वा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उच्च शिक्षा शाखामा प्रथम पटक प्रकाशित मितिले ३५ दिनभित्र सम्पर्क गरी निवेदन दिनुहुन यसै सूचनासाथ अनुरोध गरिन्छ ।

**कलेज फर प्रोफेशनल स्टडिज प्रा.लि.**
का.म.न.पा, वडा नम्बर ३०, मैतिदेबी काठमाडौं । फोन नं. :०१४४११८०५

**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : DODO BEAUTY SALON COMPANY FOR LADIES
पूर्व स्वीकृति मिति : २०८०/०२/२४ LT. No. 287264 चलानी नं.६०२०२७९४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Beautician | 0 | 6 | 150 | ६४३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL
Govt. License No. 1613/079/080
**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**साउदी अरेबियामा रोजगारको अवसर**

कम्पनीः ABID ALI AL HABASHI CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८०/०२/२४ LT. No.287395 चलानी नं. ६०२०२७२४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 70 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४
**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CHICKEN CHOICE RESTAURANT
पुर्व स्वीकृति मिति २०८०/०२/२४ LT. No. :287417 चलानी नं. ६०२०२७८३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labour | 6 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.५६७/०६२/०६३
**Euro Tech Consultancy Pvt. Ltd.**
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Fax: +977-1-4355158,
Mob No. 9851021264, 9851084492

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MESGHAL BONN LADIES
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT No. 287430 चलानी नं.६०२०२७४१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | LABOUR | 0 | 1 | 1800 | ६५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनूहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : KHALID HABALIS AL-OTAIBI CO FOR TRANSPORTATION
पूर्व स्वीकृति मिति २०८०/०२/२३ LT. No. 287288 चलानी नं. ६०२०२७६७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Driver | 5 | 0 | 1900 | ६७,०५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 1 | 0 | 1900 | ६७,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७९४/०६५/०६६
**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951

**कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ARABIC DALLAH GENERAL TRADING & CONTRACTING COMPANY
पूर्व स्वीकृति मितिः २०८०/०२/२४ LT. No. 287355 चलानी नं. ६०२०२७६९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Cleaner (Indoor) | 150 | 100 | 85 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL DANA 21 CLEANING SERVICES CO. LLC
पूर्व स्वीकृति मितिः २०८०/०२/२३ LT. No. 287199 चलानी नं. ६०२०२६५७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 3 | 3 | 1200 | ४३,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL SUMOOD HOSPITALITY SERVICES
पूर्व स्वीकृति मितिः २०८०/०२/२२ LT. No. 287243 चलानी नं. ६०२०२६०८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Commercial Sales Representative | 5 | 0 | 1300 | ४६,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Follow Up Clerk | 0 | 5 | 1200 | ४३,३०५ | | | | | | | |
| 3 | Marketing Specialist | 5 | 0 | 1300 | ४६,९१५ | | | | | | | |
| 4 | Stall And Market Saleperson | 0 | 5 | 1200 | ४३,३०५ | | | | | | | |
| 5 | Waiteress | 0 | 10 | 1200 | ४३,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २०७१/०७९/८०
**SPACE HR SOLUTIONS PVT.LTD**
Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9803003599
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

प्रदेश सरकारको नीति कार्यक्रम

# कृषि क्षेत्र प्राथमिकतामा

■ राजु विश्वकर्मा

**वीरगञ्ज–** मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रममा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ । प्रदेशसभाको बैठकमा प्रदेश प्रमुख हरिशंकर मिश्रले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

विगत वर्षका नीति तथा कार्यक्रमभन्दा अहिले आएको नीति कार्यक्रममा कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रले विशेष प्राथमिकता पाएकाले मानव सूचकांकमा पछि परेको यो प्रदेशको समग्र विकासले गति लिने विश्वास लिइएको छ । किसानका समस्यालाई सम्बोधन हुने गरी सरकारको नीति तथा कार्यक्रममा कृषि क्षेत्रले प्राथमिकता पाउँदा अन्नबालीको भण्डार मानिएको मधेस प्रदेशको कृषि क्षेत्रमा सुधार आउने संकेत देखिएको किसानले बताएका छन् । नीति तथा कार्यक्रममा समेटिएका कृषि लक्षित कार्यक्रमलाई कार्यान्वयन गर्नुपर्ने उनीहरूको भनाइ छ ।

'यसरी हेर्दा सरकारको नीति तथा कार्यक्रम कृषिमैत्री देखिन्छ,' बाराको गढीमाईका किसान सुकदेव कुशावाहा भन्छन्, 'नीति कार्यक्रम असाध्यै लोकप्रिय छ, यसले किसानको समस्यालाई सम्बोधन गर्नसक्ने देखिन्छ ।' तर नीति कार्यक्रम आउनुभन्दा पनि यसको कार्यान्वयन पक्ष महत्त्वपूर्ण रहेको उनको भनाइ छ ।

कृषि क्षेत्रको सम्भावना, विकास तथा प्रवर्द्धन गर्न गुरुयोजना तयार गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व सम्वर्द्धनका लागि निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेती प्रणालीमा रूपान्तरण गरने प्रदेश सरकारको नीति कार्यक्रममा उल्लेख छ । कृषकलाई समयमै मलखाद्य, बीउबिजन प्राविधिक सेवा तथा अन्य सामग्री दिने र कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि प्रदेश र स्थानीय सरकारको सहकार्यमा बाँझो एवं उपयोगविहीन खेतीयोग्य जग्गाको प्रयोगका लागि कृषक समूह तथा कृषक सहकारीलाई भाडामा जग्गा उपलब्ध गराइने प्रदेश सरकारले नीति लिएको छ ।

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्षमा 'एक टोल एक सामुदायिक कृषि उत्पादन', 'एक वडा एक विशेष उत्पादन' र 'एक पालिका एक उत्पादन क्षेत्र'का कार्यक्रम सञ्चालन गर्ने भएको छ । कृषिलाई प्रविधिमैत्री, व्यावसायिक, उच्च प्रतिफलदायी एवं मर्यादित पेसाकारूपमा रूपान्तरित गर्दै कृषिउपजको उत्पादन, प्रशोधन र भण्डारणमा सहयोग पुऱ्याउन स्क्रिन हाउस, भण्डार गृह, शीतभण्डार र बीउ प्रशोधन केन्द्र निर्माण गरिने मधेस प्रदेश सरकारको नीति कार्यक्रममा उल्लेख छ ।

मधेस कृषि विश्वविद्यालयमा अध्ययनरत प्राविधिक जनशक्तिलाई स्थानीय तहसँग समन्वय गरी किसानसम्म प्रविधि हस्तान्तरणका लागि कार्य प्रशिक्षण कार्यमा संलग्न गराइने र मधेस कृषि विश्वविद्यालयअन्तर्गत सम्भाव्यता अध्ययन गरी बारा जिल्लामा 'भेटेनरी कलेज एण्ड रिसर्च सेन्टर' स्थापना गरिने प्रदेश प्रमुख मिश्रले प्रस्तुत गरेका नीति तथा कार्यक्रममा उल्लेख छ ।

'किसानको मुख्य समस्या भनेको सिँचाइ, मलखाद्य र गुणस्तरीय बीउबिजन समयमा नपाउनु हो,' अखिल नेपाल किसान संघका नेता हरिनारायण महतो भन्छन्, 'अहिलेको नीति तथा कार्यक्रममा सिँचाइ, मलखाद्य र बीउबिजन उपलब्ध गराउने उल्लेख छ, जुन असाध्यै राम्रो कुरा हो ।' तर, विगतमा आएका कार्यक्रम प्रभावकारी नभएजस्तै अहिलेको नीति कार्यक्रम पनि कार्यान्वयन हुँदैन भन्नेमा आशंका लागिरहेको उनको भनाइ छ ।

पशुको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि नश्ल सुधार कार्यक्रम, अनुवांशिक स्रोतको संरक्षण, नवीनतम नश्लको आयात तथा प्रवर्द्धन गर्न संघीय र स्थानीय सरकारसँगको सहकार्यमा कृत्रिम गर्भाधान केन्द्र स्थापना गरी घुम्ती कृत्रिम गर्भाधान सेवा सञ्चालन गरिने लिएको प्रदेश सरकारले प्रदेशभरिका सबै वडामा पालिका तथा निजी क्षेत्रसँगको सहकार्यमा एक/एक जना प्राविधिक परिचालन गरी पशु स्वास्थ्य सेवा घरदैलोसम्म पुऱ्याइने नीतिलाई अघि सारेको छ ।

यसले नीति तथा कार्यक्रममार्फत अघि सारेको योजना कार्यक्रम सफलरूपमा कार्यान्वयन गरिने मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपाने बताउँछन् ।

'अहिले नीति तथा कार्यक्रममा समेटिएका अधिकांश कार्यक्रम मधेसका जनताको चाहनालाई सम्बोधन गर्ने खालको छ,' मन्त्री न्यौपानेले भने, 'अब नीति तथा कार्यक्रमै टेकेर किसानले भोग्दै आएका समस्यालाई सम्बोधन हुनेगरी बजेट ल्याएर कार्यान्वयन गर्छौं ।' अहिले आएका कार्यक्रम कार्यान्वयन हुँदैन कि भन्ने आशंका गर्ने कुनै कारण नभएको उनले दाबी गरे । जसरी पनि यी कार्यक्रमलाई कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको उनले बताए ।

कृषिलाई प्रवर्द्धन गर्न 'सिँचाइ मे लगानी किसानके खुशहाली' नाराअघि सारेको प्रदेश सरकारले त्यसलाई सार्थक बनाउन सतह सिँचाइ सम्झौता सिँचाइ प्रणाली तथा भूमिगत सिँचाइ प्रणालीलाई अझ सघनताका साथ अघि बढाउने घोषणा गरेको छ । त्यस्तै कृषियोग्य बाँझो जग्गालाई उपयोग ल्याउन सामूहिक र सहकारी कृषि प्रणाली अवलम्बनमा जोड दिइने र बगर खेतीलाई प्रोत्साहित गरिने जनाएको छ । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TANMYAH SERVICES L.L.C.

पूर्व स्वीकृति मिति २०८०/०२/२४ | LT. No. 287440 | चलानी नं. ६०२०२७९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 150 | 150 | 900 | ३२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard - SIRA | 250 | 50 | 1200 | ४३,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७१२/०६४/६५

**AIR KINGS PLACEMENT PVT. LTD.(VRINDIT SERVICES PVT. LTD.)**

Kupandol-10, Lalitpur, Nepal Phone No.01-5424006, 5427196, काठमाडौं

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOH SAMUI AUTHENTIC THAI SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/२४ | LT. No. 287398 | चलानी नं. ६०२०२७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 15 | 0 | 1500 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SAIKO RUBBER (MALAYSIA) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/२४ | LT. No. 287399 | चलानी नं. ६०२०२७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 8 | 0 | 1500 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIVE SEAS TRADING COMPANY

पूर्व स्वीकृति मितिः २०८०/०२/२३ | LT. No.287420 | चलानी नं. ६०२०२७५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५२,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,२९० | | | | | | | |
| 3 | Waiter | 2 | 0 | 1200 | ४२,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal

Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np

Website www.pigeoninternational.co.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनीः AL ARAQA TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०२/२४ | LT. No.287342 | चलानी नं. ६०२०२७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Driver | 4 | 0 | 1900 | ६८,९५५ | | | | | | | |
| 3 | Labour | 3 | 0 | 1000 | ३६,२९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**

Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795

E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम ईजाजत नं. ४४८/०६०/०६१

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING CO..

पूर्व स्वीकृति मिति २०७९/११/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/२४ | LT. No. 281599 | चलानी नं. ६०१९७०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe And Boiler Insulation Labor | 7 | 0 | 1400 | ४९,४३० | | | | | | | |

कम्पनी : NINE OZ BEVERAGE CAFE

पूर्व स्वीकृति मिति २०८०/०२/२३ | LT. No. 287200 | चलानी नं. ६०२०२६१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 1200 | ४२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**

श्रम ईजाजत नं. ११८२/०७३/७४

Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW AL ROUNAQ TRADING

पूर्व स्वीकृति मिति २०८०/०२/२४ | LT. No. 287449 | चलानी नं : ६०२०२७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 11 | 0 | 2500 | ९१,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Representative | 15 | 0 | 2500 | ९१,१०० | | | | | | | |
| 3 | Labourer | 1 | 0 | 1100 | ४०,०४५ | | | | | | | |

कम्पनी : NUZHAT TRADING AND CLEANING

पूर्व स्वीकृति मिति २०८०/०२/२४ | LT. No. 287450 | चलानी नं : ६०२०२७८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 4000 | १४५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Representative | 14 | 0 | 2500 | ९१,१०० | | | | | | | |
| 3 | Driver | 3 | 0 | 1500 | ५४,६०५ | | | | | | | |
| 4 | Building Worker | 2 | 0 | 1200 | ४३,६८५ | | | | | | | |
| 5 | Dry Clean Worker | 0 | 1 | 1400 | ५०,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**

G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401

E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALASATEEL ALMUTAHARRIKAH ALJADIDA FOR GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०२/२१ | LT. No. 287148 | चलानी नं. ६०२०२५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 6 | 0 | 1800 | ६३,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : STRONG VEHICLE EST. FOR DECORATION & POLISHING

पूर्व स्वीकृति मिति २०८०/०२/२३ | LT. No. 287336 | चलानी नं. ६०२०२७७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | vehicle cleaner | 1 | 0 | 1300 | ४५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waterproofing Worker | 1 | 0 | 1300 | ४५,८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652

E-mail : nationalexportsmc@gmail.com


### बिमालेख हरायो

मिति २०७९/०२/०५ गते, हाम्रो निम्न व्यहोरा भएको बिमालेख आफ्नै घर तिनकुनेबाट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : सन्तोषी वास्तोला/विमालेख नं : १८४०००८२४
नाम : गोपीनाथ वास्तोला/विमालेख नं : १८४०००८२०
Nepal Life Insurance Company Ltd
ठेगाना : तिनकुने, काठमाडौं
सम्पर्क नं : ९८४१७९५१८८

### मोटरसाइकल हराएको सूचना

सन्तोष बानियाँको नाममा रहेको । निम्न ब्योहोरा रहेको मोटरसाइकल मिति २०८०।०१।२३ गते ललितपुर जिल्ला ललितपुर मा.न.पा वडा नं. ८ गुईतटोल घरको पार्किङ्गबाट अ. ११ :०० राती बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Pulsar 220
बाईक नं. BA Pra 02 031 PA 5766
चेसिस नं. : MD2A13EXIMCD87264
इन्जिन नं.: DKXCMD05667
रङ्ग – कालो, रातो
सम्पर्क – 9820247345


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-FAYSAL BAKERY & SWEETS CO.W.L.L.

पूर्व स्वीकृति मिति २०७८/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/२४ | LT. No. 253560 | चलानी नं. ६०१७००७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour / Product Packaging | 157 | 0 | 100 | ४२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**

Govt. License 1370/74/75

samakhushi-26, Kathmandu, Nepal, Phone : + 977-1-4983168

E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com

Website : www.namobuddharecruitment.com


## Shree Gyaneshwor Secondary School
## Patan-09, Baitadi

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०८०/०२/२५**

यस कार्यालयबाट मिति २०८०/०१/२२ गते प्रथम पटक आव्हान गरेको बोलपत्र सूचना अनुसरा PPMO Website www.bolpatra.gov/egp मार्फत रितपूर्वक दर्ता भई म्याद भित्र प्राप्त हुन आएका बोलपत्रहरू मध्ये उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र सूचना नं. | सार्बजनिक निर्माण कार्यको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| IFB/ NCB/002 | Gyaneshwor Ma vi ko Namuna Bikash karyakaram Antargat sikshyek tarf saikshyej sanagri kharid Karyakaram | Bohara Electronics and Suppliers | 3090196 |

प्रधानाध्यापक

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### शरणार्थी प्रकरणको अनुसन्धानमा प्रहरीको कमजोरी

नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने प्रकरण अदालत पुगेपछि कमजोर बन्दै गएको छ । यस प्रकरणमा पक्राउ परेकाहरूले धमाधम बयान फेर्न थालेका छन् । प्रहरीमा अपराध स्वीकारेका आरोपीहरूले अहिले अदालतमा थुनछेक बहस चल्दा बयान फेर्न थालेका हुन् । पक्राउ परिसकेका व्यक्तिलाई गोप्य रूपमा प्रहरीले भेट्न दिएका कारण मुद्दा फितलो बनेको हो । आङटावा शेर्पा पक्राउ परेको विषयबाटै यो प्रस्ट हुन्छ । पूर्वगृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाण पक्राउ परेपछि उनलाई छुटाउनका लागि शेर्पा प्रयोग भएका थिए । कांग्रेस नेता शेर्पाले खाणलाई छुटाउन हिरासतमा रहेको केशव दुलाल र सानु भण्डारीलाई भेटेका थिए । दुवै जनालाई भेट्नुको कारण थियो– पीडितबाट लिएको रकम खाणले फिर्ता दिन्छन् भन्दै आश्वासन दिएर उनको नाम नलिइदिनु भनी आग्रह गर्न ।

यो घटनालाई प्रहरीको एक टोलीले बाहिर ल्याइदियो । प्रहरीकै अर्को टोली भने आङटावाको बचाऊमा लागेको थियो । उनीविरुद्ध कुनै पक्राउ पूर्जी जारी नगरिएको र उनलाई कारगारमासमेत नराखिएको प्रहरीको एक पक्षले भनेको थियो । तर, अर्को पक्षले भने उनीविरुद्ध पक्राउ पूर्जी जारी गरिएको दाबी गर्‍यो । अन्ततः आङटावा प्रहरीकहाँ पुगेर आत्मसमर्पण गर्न गए । आफू जोगिन शेर्पा आत्मसमर्पण गर्न प्रहरीकहाँ पुगेका थिए । तर, उनलाई प्रहरीले छाडेन । अन्ततः हिरासतमै आफूलाई प्रहरीले कुटपिट गरेको भन्दै छुट्ने प्रयाससमेत गरे । भुटानीलाई मात्र हैन तिब्बतीलाई नेपाली बनाएर अमेरिका लैजाने प्रकरणमासमेत कनेक्सन देखिएको आङटावाबाट अभियुक्तहरूसँग हिरासतमै भेट, टोपबहादुर रायमाझीलाई कयौं दिनसम्म फरार राखेर यो अनुसन्धानलाई प्रहरीले निकै कमजोर बनायो । अर्को विषय प्रहरी प्रमुख वसन्त कुँवर, एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवापत्नी डा. आरजु देउवामाथि पनि छानविन गर्नुपर्ने माग ग्राउण्डबाट उठ्न थालेपछि प्रमुख राजनीतिक दलदेखि प्रहरी नै यो मुद्दालाई कमजोर बनाउन लागेको प्रस्ट हुन्छ ।

अहिले अब ११३ जनाले उजुरी दिएर २७ करोड ५० लाख ५७ हजार बिगो दाबी गरिएको यो मुद्दामा थुनछेक बहस जारी रहेको छ । 'हाइप्रोफाइल' पक्राउ पर्ने त कुरै छैन, पक्राउ परेकाहरूसमेत साधारण तारिखमा छुट्ने तरखरमा रहेका छन् । रायमाझी र खाणले आफूहरू यो प्रकरणमा संलग्न नै नरहेको भन्ने विषयलाई जोड दिइरहेकोबाट यो प्रस्ट हुन्छ । तर, यस्तो जघन्य अपराध अनुसन्धान सुरु गरेर वाहवाही पाएको प्रहरी संगठन कमजोर प्रमाण प्रस्तुति र प्रमाण नष्ट गर्ने गिरोहसँग सिक्वेन्स मिलाउनतिर लाग्दा पुनः बदनामी हुनेतिर अघि बढेको छ ।

## मनन्योग्य

### चाणक्य नीति

मगधका लागि म आफै राजाको खोजी गर्नेछ । चाणक्यले दिएको बुद्धिले नै त्यो राजाले शासन गर्छ । चाणक्य यी सबै सोच्दै थिए । साप्ताहिक समीक्षाको कारवाही सुरु भयो। उनले देख दरबारिया मन्त्रीगण कसरी राजाको चाटुकारी गरिरहेछन् ।

यो देखी चाणक्यको रिस सीमाबाहिर भयो । क्रोधपूर्ण भई सभाका बीचमै उनी उत्रिए । यसरी रोषमा आएका, सफा धोती फेरेका, सेतो सफा कपडा काँधमा राखेका काला रंगका, अगाडिका दुई दाँत भाँचिएका अग्लो र दुब्लो शरीर, निधारमा त्रिपुण्डक धारण गरेका कपालविनाको शिर तर दुप्पी खुला पारेका, घाँटीमा रुद्राक्षमाला, काँधमा जनै ढल्दै गएको यौवन, एक साधारण ब्राह्मण तर मुखमा विद्वत्ताको प्रचण्ड तेज भएका यस्ता अज्ञात ब्राह्मण बीच सभामा आएको देख्दा सबै झस्किए ।

चाणक्यलाई देखेर महापद्म नन्द राजा झस्किए । तर, उनले सम्हालिएर भने- "के कुरा हो ब्राह्मणदेवता । तपाई को हुनुहुन्छ कहाँबाट आउनुभयो ?" चाणक्यले क्रोधपूर्ण स्वरमा जवाफ दिए- "राजा नन्द ! म को हुँ यो त पछि समयले बताउनेछ, तर म तक्षशिलाबाट आएको हूँ, मेरो जन्म यही मगध देशमा भएको हो, आम्भीले आत्मसमर्पण गरेको देखी यहाँ आएको थिएँ ।

सिकन्दरले मगध पनि आफ्नो अधीनमा नपारोस् उसलाई ईश्वरले व्यासबाटै फिर्ता गरे, तर देख्दछु नशा र सुन्दरीमा मदान्ध मगधदेशको राजा लर्खराउने खुट्टाले त्यो आँधीको सामना गर्न के सक्दथ्यो । राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन । छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? क्रमशः

# दिगोपनाको कसीमा सामाजिक सुरक्षा प्रणाली



▶▶ शंकर नेपाल

सामाजिक सुरक्षालाई दिगो बनाउन पूर्ण वा आंशिक रोजगार सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समेट्दै लैजानु जरूरी छ । संसारभर योगदानमा आधारित कोषमा कामकाजी वर्गलाई सुरुदेखि नै समेट्दै निवृत्तीभरण कोष र स्वास्थ्य बिमा प्रणालीलाई सबल बनाउने गरिएको छ । नेपालले पनि छरिएर रहेका कोषलाई एकीकृत गर्दै योगदानमा आधारित कोषलाई संस्थागत गर्न आवश्यक भइसकेको छ । स्वास्थ्य बिमासम्बन्धी कार्यलाई यस्तो कोषले स्वास्थ्य बिमा बोर्डमार्फत सञ्चालन गर्दा स्वास्थ्य बिमाको कार्य संस्थागत हुनुका साथै दोहोरोपना पनि हट्न सक्छ ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले देशैभरि भइरहेको विरोध प्रदर्शनका बीच हालसालै सेवाबाट अवकाशको उमेर ६२ बाट बढाएर ६४ वर्ष पुर्‍याएका छन् । निवृत्तीभरणका लागि सन् २०२२ र २०३२ का बीच वार्षिक सरदर १० अर्ब युरो न्यून हुने प्रक्षेपण रहेको सन्दर्भमा उनले यो कार्य फ्रान्सको निवृत्तीभरण प्रणालीलाई विघटन हुन नदिनका लागि गरेको भनेका छन् । सामाजिक सुरक्षा र खासगरी निवृत्तीभरण प्रणालीलाई धान्न सकिने बनाउन औद्योगिक मुलुकहरूले अवकाशको उमेर बढाउने, निवृत्तीभरणको सूत्र परिवर्तन गर्ने र सुविधा कटौती गर्नेमध्ये कुनै उपाय गर्ने गर्दछन् ।

बढ्दो औसत आयु र घट्दो जन्मदरले गर्दा संसारभर कमाउने जनसंख्या अनुपात घट्दो र आश्रित जनसंख्या अनुपात बढ्दो छ । जनसंख्याको यो बदलिँदो प्रवृत्तिले गर्दा विगतमा भएका सामाजिक सुरक्षाका अभ्यासलाई धान्न संसारभर चुनौती खडा भएको छ । म्याक्रोनको कदम उनको राजनीतिक भविष्यका लागि चुनौती बन्ला वा नबन्ला तर मुलुकको अगाडि रहेको निवृत्तीभरण धान्नुपर्ने चुनौतीलाई उनले ठूलो देखेको मान्नुपर्छ । नेपालको सन्दर्भमा यो घटना किन महत्त्वपूर्ण छ भने हाम्रा निवृत्तीभरणलगायत तमाम सामाजिक सुरक्षाका कार्यक्रमहरू धान्न चुनौती बन्दै गएका छन् ।

नेपाल सरकारले निवृत्तीभरण, स्वास्थोपचार र ज्येष्ठ नागरिकलगायतलाई प्रदान गरिने मासिक भत्तामा आर्थिक वर्ष २०७८/७९ मा बजेट खर्चको सरदर १४.३८ प्रतिशत र कूल गार्हस्थ उत्पादनको ३.८८ प्रतिशत खर्च गरेको छ । यसमा अशक्त वृत्ति, स्वास्थ्य बिमा र विपन्न नागरिक औषधि उपचार खर्चसमेत जोड्ने हो भने कूल गार्हस्थ उत्पादनको ४.४२ प्रतिशत हुन्छ । यो आफैंमा ठूलो खर्च हो । अझ यसमा कर्मचारी सञ्चय कोष, निवृत्तीभरण कोष र बिमाको रकम समावेश छैन । सामाजिक सुरक्षामा नेपाल सरकारको खर्च ठूलो भए पनि जनसंख्याको ठूलो हिस्सा अझै सामाजिक सुरक्षामा समेटिएको छैन । निजी क्षेत्रमा श्रम कानुन पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । चार वर्षअघि दिगो सामाजिक सुरक्षाको व्यवस्थापनमा सहयोगी हुनसक्ने योगदानमा आधारित सामाजिक सुरक्षा कार्यान्वयनमा आयो । यसका लागि गठित सामाजिक सुरक्षा कोषमा हालसम्म २० हजारभन्दा कम रोजगारदाता र साढे तीन लाख जति योगदानकर्तामात्र आबद्ध छन् । कर्मचारी सञ्चय कोषमा पाँच लाख ५५ हजारभन्दा केही बढी सञ्चयकर्ता रहेका छन् । स्वीकृति प्राप्त अवकाश कोषमा आबद्ध हुनेको संख्या यकीन छैन ।

नेपालमा क्रियाशील श्रमशक्तिको ६२.२० प्रतिशतलाई रोजगारी दिने अनौपचारिक क्षेत्र, स्वरोजगार, र वैदेशिक रोजगारमा गएकाहरूको ठूलो हिस्सा सामाजिक सुरक्षाका संस्थागत प्रणालीभन्दा बाहिर छन् । सामाजिक सुरक्षा प्रणालीभन्दा बाहिर रहेका सबैलाई अबको पाँच वर्षमा समेट्न सकियो भने पनि आउँदो ३५ वर्षसम्म राज्यकोषबाट यसैगरी ठूलो हिस्सामा सामाजिक सुरक्षा खर्च व्यहोर्नुपर्ने हुन्छ । यो खर्च जोहो गर्न त्यति सहज भने छैन । राज्यकोषमा सामाजिक सुरक्षा खर्चको भार लगातार बढ्दो छ । आव २०७१/७२ देखि पछिल्ला आठ वर्षको सामाजिक सुरक्षा खर्चको प्रवृत्ति हेर्दा ज्येष्ठ नागरिकलगायतले पाउने सामाजिक सुरक्षा भत्ता लगभग सात गुणा र वार्षिक सरदर ३४.७३ प्रतिशतले बढेको छ । यही अवधिमा निजामती, शिक्षक, सेना तथा प्रहरीको निवृत्तीभरण खर्च लगभग साढे दुई गुणा र वार्षिक सरदर १४.३० प्रतिशतले बढेको छ । स्वास्थ्य बिमा कार्यक्रमले हालसम्म ६४ लाख ५० हजारको हाराहारी अर्थात् जनसंख्याको २२ प्रतिशत समेटेको छ । स्वास्थ्य बिमामा आव २०७४/७५ देखि २०७८/७९ सम्मको वास्तविक खर्च वार्षिक सरदर ६८.२४ प्रतिशतले बढ्दै गएको छ । यो कार्यक्रम परिपक्व हुञ्जेल यसको खर्च अझै बढ्दै जाने निश्चित छ ।

सामाजिक सुरक्षामा बढ्दो खर्चलाई धान्नका लागि राजस्व वृद्धि, रोजगार सिर्जना र आफ्नो खर्च धान्नसक्ने कोषको सुदृढीकरण र सामाजिक सुरक्षा योजनाहरूको कार्यान्वयनलाई योजनाबद्धरूपमा अघि बढाउन आवश्यक हुन्छ । यी सबैलाई जनसंख्याको बनोट श्रमबजारको प्रवृत्तिमा आउने परिवर्तन, मुलुकको आर्थिक वृद्धि, विकासको स्तर, गरिबीको रेखामुनि रहेको जनसंख्या, व्यवसायको वातावरण र श्रम उत्पादकत्व आदिले असर पुर्‍याइरहेको हुन्छ । त्यसैले समय समयमा यस्ता तत्त्वसमेतलाई हेरी सामाजिक सुरक्षा योजनाको दिगोपनाका लागि एक्च्युअरी विश्लेषण गर्ने र तद्अनुरूप सुधार गर्दै लाने विकसित मुलुकमा प्रचलन रहेको छ ।

नेपालको जनसंख्यामा क्रमशः परिवर्तन भइरहेछ । औसत आयु बढ्दै गएको छ । जन्मदर घट्दो छ । नेपालको जनसंख्यामा ०-१४ उमेर समूहको हिस्सा आगामी वर्षहरूमा निरन्तर घट्दै जाने र ज्येष्ठ नागरिकको अनुपातमा निरन्तर वृद्धि हुने देखिन्छ । २०७८ मा २८.८१ प्रतिशत रहेको ०-१४ उमेर समूहको हिस्सा अबको ३० वर्षमा १६.०४ प्रतिशतमा झर्ने र ४.२३ प्रतिशत रहेको ७० वर्ष माथिको जनसंख्या ८.९३ प्रतिशत पुग्ने अनुमान छ । औसत आयु र स्वास्थ्य सेवाको विकाससँगै निवृत्तीभरण उमेर बढ्दै गए पनि राज्यले ज्येष्ठ नागरिकका लागि खर्च वृद्धि गर्दै जानुपर्ने देखिन्छ । नेपालमा सामाजिक सुरक्षासँग सम्बन्धित कोषहरू र कार्यक्रमको एक्चुअरी विश्लेषण हुने गरेको देखिन्न । दिगो प्रणाली स्थापनार्थ यस्तो विश्लेषण र तद्अनुरूपको योजना आवश्यक छ ।

नेपालमा जनसंख्याको मात्र नभएर रोजगारीको प्रवृत्ति पनि बदलिँदो छ । परम्परागतरूपमा भनिँदै आएको कृषिप्रधान देशको परिचय रोजगारको बदलिँदो प्रवृत्तिका कारण बदलिँदै जाने संकेत देखिँदै छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको एक अध्ययनअनुसार आगामी २५ वर्षसम्म कृषि क्षेत्रको रोजगार वार्षिक सरदर १.५८ प्रतिशतले घट्ने र उद्योग तथा सेवा क्षेत्रमा क्रमशः वार्षिक सरदर ३.५१ प्रतिशत तथा ४.१५ प्रतिशतले बढ्ने देखाएको छ । यस हिसाबले अबको एक दशकभित्रै सेवा क्षेत्रले र २५ वर्षमा उद्योग क्षेत्रले कृषि क्षेत्रको रोजगारीलाई उछिन्ने देखिन्छ । सामाजिक सुरक्षाको दृष्टिमा जनसंख्या बनोटको बदलिँदो प्रवृत्तिले दिगो सामाजिक सुरक्षा प्रणालीको माग गर्दछ भने रोजगारको बदलिँदो प्रवृत्तिले औपचारिक क्षेत्रको विस्तार गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको दायरा विस्तारका लागि अवसरसमेत प्रदान गरेको देखिन्छ ।

योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी कोषले भविष्यमा योगदानकर्तालाई योजनाअनुसारको रकम र सुविधा पुर्‍याउने जिम्मेबारी लिएको हुन्छ । स्थापित प्रणाली भएका मुलुकहरूले कोषमा जम्मा हुने रकमले भविष्यमा योगदानकर्तालाई यसले प्रदान गर्ने सामाजिक सुरक्षा योजनाअनुसारको रकम तथा सेवा उपलब्ध गराउन सक्छ वा सक्दैन भनी निश्चित अवधिको अन्तरालमा एक्चुअरी विश्लेषण गर्ने गर्दछन् र सामाजिक सुरक्षासम्बन्धी कोषलाई बलियो बनाउँदै लाने गर्छन् ।

फ्रान्समा निवृत्तीभरण कोष अन्य विकसित मुलुकको दाँजोमा कम अर्थात् कूल गार्हस्थ उत्पादनको १२.१० प्रतिशत रहेको छ । यस्तो कोष अमेरिकामा कूल गार्हस्थ उत्पादनको १७४.१० प्रतिशत, डेनमार्क २३३.२० प्रतिशत, आइसल्याण्ड २१८.६० प्रतिशत, निदरल्याण्ड्स २१३.३० प्रतिशत र स्वीट्जरल्याण्डमा १७०.९० प्रतिशत रहेको छ । यसबाट पनि सामाजिक सुरक्षाको दिगोपनाका लागि राज्यकोषभन्दा पनि योगदानमा आधारित सामाजिक सुरक्षा कोष भरपर्दो देखिन्छ ।

विकसित मुलुकका निवृत्तीभरण कोष योगदानमा आधारित सामाजिक सुरक्षा कोष हो । त्यहाँ राज्यकोषबाट व्यहोर्ने सामाजिक सुरक्षाका अन्य पनि कार्यक्रम छन् तर योगदानमा आधारित कोषको हिस्सा ज्यादै ठूलो छ । नेपालमा भने योगदानमा आधारित सामाजिक सुरक्षाको हिस्सा ज्यादै सानो भएकाले विभिन्न मन्त्रालयअन्तर्गत सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमको विषयलाई दिगो सामाजिक सुरक्षाको सन्दर्भमा हेर्नुपर्ने हुन्छ । यी कार्यक्रमहरूका लागि राज्यकोषमा प्रत्येक वर्ष भार थपिँदो छ । यी कार्यक्रमहरूमा रहेका दोहोरोपना हटाएर खर्च कटौतीको सम्भावना पनि रहन्छ । कार्यक्रम छरिएर रहे पनि राम्रो पक्ष के छ भने सबै कार्यक्रमको डिजिटल सूचना प्रणाली र अभिलेख छ । यी सूचना प्रणालीहरूलाई एक आपसमा आबद्ध गरी एकीकृत सूचना प्रणाली स्थापना गर्दा लाभग्राहीले व्यक्तिगतरूपमा वा परिबारमा न्यूनतम् र अधिकतम के कति सुविधा प्राप्त गरेको भन्ने यथार्थ सूचना प्राप्त गर्न सकिन्छ र आगामी दिनमा एकीकृत सामाजिक सुरक्षा योजना बनाउन र योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको विस्तारमा सहयोगी सिद्ध हुनसक्छ । यसका लागि पारिवारिक लगतमा आधारित एकीकृत सामाजिक सूचना प्रणाली विकास गर्नुपर्ने हुनसक्छ ।

सामाजिक सुरक्षालाई दिगो बनाउन पूर्ण वा आंशिक रोजगार सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा समेट्दै लैजानु जरुरी छ । संसारभर योगदानमा आधारित कोषमा कामकाजी वर्गलाई सुरुदेखि नै समेट्दै निवृत्तीभरण कोष र स्वास्थ्य बिमा प्रणालीलाई सबल बनाउने गरिएको छ । नेपालले पनि छरिएर रहेका कोषलाई एकीकृत गर्दै योगदानमा आधारित कोषलाई संस्थागत गर्न आवश्यक भइसकेको छ । स्वास्थ्य बिमासम्बन्धी कार्यलाई यस्तो कोषले स्वास्थ्य बिमा बोर्डमार्फत सञ्चालन गर्दा स्वास्थ्य बिमाको कार्य संस्थागत हुनुका साथै दोहोरोपना पनि हट्न सक्छ । यो अवधारणाको सबल कार्यान्वयनबाट आगामी तीन-चार दशकमा राज्यकोषबाट सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने लाभग्राहीको संख्या अहिले जसरी बढ्नुको साटो घट्दै जाने हुन्छ र सामाजिक सुरक्षाको दिगोपनाको आशा गर्न सकिन्छ । *रासस*

***(लेखक सूचना तथा प्रसारण विभागका महानिर्देशक हुन्)***

## पत्र-मञ्जुषा

### पर्यटकका लागि सहज वातावरण बनाऔं

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले २०२३-३३ सम्म भ्रमण वर्ष मनाउने घोषणा गरेका छन् । यसका लागि उनले ७३ बुँदे कार्यविधिसमेत सार्वजनिक गरिसकेका छन् । तर, उनले बनाएको कार्यविधिले पर्यटन तान्न सक्ला त ? किन कि विदेशीहरू त्रिभुवन अन्तर र्ाष्ट्रिय विमानस्थलमा ओर्लिनेबित्तिकै उनीहरू ठगिन थाल्छन् । एयरपोर्टमा सञ्चालित हरियो प्लेटको ट्याक्सीले विदेशी भन्नेबित्तिकै ठमेल पुर्‍याएको पाँच हजार असुल्छन् ।

तर, मिटरमा जाने हो भने ५०० रूपैयाँ तिरे पुग्ने बाटो छ । होटल व्यवसायीले समेत विदेशीलाई हेरीहेरी रकम धुत्ने गरेका छन् । होटल हेरेर खाएको र बसेको पाँचदेखि २० हजारसम्म लिने गरिएको छ । यता, विदेशी घुमाउने नेपाली गाइडले पनि लुट मच्चाइरहेका छन् । विदेशीहरू सार्वजनिक बस चढ्दैनन्, मिटरजडित ट्याक्सी चढ्छन् । कालो प्लेटको ट्याक्सीले हजारको बाटोमा पाँच हजार ठोकिहाल्छ । सामान्य माला बेच्नेबाट पनि उनीहरू ठगिएका छन् ।

विदेशी ठग्ने व्यवसायीलाई कारबाही गर्नुको साटो पर्यटनमन्त्री श्रेष्ठ भ्रमण वर्ष मनाउन लागिपरेका छन् । बेथिति हटयो भने विदेशी आफैं ओइरिहाल्छन् । पर्यटनमन्त्री आफैं पनि व्यापारीको झोला बोकेर हिँडेको पाइन्छ । सर्वप्रथम विदेशी लुट्ने हरेक व्यवसायीलाई कारबाही हुनुपर्छ । जरिवाना गरिनुपर्छ । राम्रो र गुणस्तरीय वातावरणको प्रबन्ध मिलाउनुपर्छ । यसो गर्‍यो भने विदेशी तान्नका लागि छुट्टै कार्यविधि बनाउनै पर्दैन । अहिले सरकारले 'एक विदेशी, एक नेपाली' भन्ने अवधारणा अघि सारेको छ ।

नेपालमा भएको महँगी र ठगीले गर्दा विदेशीहरू भिसा छोटचाएर धमाधम आफ्नो मुलुक फर्किरहेका छन् । भिसा बाँकी भए पनि उनीहरू आफ्नै मुलुक फर्किन चाहन्छन् । होटलमा बस्छन्, खान्छन् तर त्यो सरकारले तोकेको होइन । होटल व्यवसायी आफैंले मनलाग्दी रेट तोकेका छन् । खानेकुरा गुणस्तरीय छ कि छैन ? यता, उनीहरू सुत्ने ओछ्यान कस्तो छ ? यसको पनि निरीक्षण हुनुपर्‍यो । सरकार अनुगमन नगर्ने अनि विदेशी बोलाई बोलाए ठग्न दिने ?

सरकारले खानेकुराको रेट तोकिदिने महँगा होटलमा गएर नेपालीले खान्छन् । ओछ्यानको रेट पनि सरकारले तोकिदिनुपर्‍यो । यस्तो भयो भने विदेशीको खोजीमा हिँड्नै पर्दैन । महँगो हुन्छ भनेर नेपालीहरू पाँच तारे होटलमा जाँदैनन् । विदेशी नेपालमा आउँदैनन् । अनि यिनीहरू धराशायी नबने को बन्छ ? पहिले नेपालीलाई प्राथमिकतामा राख्नुपर्‍यो । आफ्नै मुलुकका जनतालाई नगन्ने अनि विदेशीको खोजीमा हिँड्ने । हिजोको दिनमा सबैभन्दा धेरै नाफा हुने क्षेत्र होटलमै थियो ।

बैंक फाइनान्सबाट ऋण (कर्जा) लिएर अर्बौं लगानीमा खुलेका होटल छन्, यहाँ । तर, अहिले विदेशी आएनन्, हाम्रो व्यवसायी डुब्ने भनेर सरकार गुहारिरहेका छन् । सरकारले बैंकबाट कर्जा लिएर त्यत्रो होटल खोल्न कर लगाएको थियो ? सरकारलाई आरोप लगाएर आफू पन्छिन मिल्छ ? अर्को प्रमुख समस्या हो यातायातको असुविधा । उपत्यकाबाहिर ढंगको सबारीसाधन नहुँदा टाँगा, रिक्सामा यात्रा गर्नुपर्ने बाध्यता छ । राजधानीबाहेक अन्य जिल्लामा ट्याक्सी पनि पाइदैन् । अनि विदेशीलाई अर्को सास्ती ।

अर्कोतिर, घुम्न जाने क्रममा कति विदेशी नागरिकको अकालमा ज्यानसमेत गुमेको छ । गाइडहरूले जोखिमपूर्ण ठाउँमा यात्रा गराउँदा उनीहरू भीरबाट खसेर मरेका छन् । कतिपय अझै पनि बेपत्ता छन् । विदेशीहरू नेपालमा मर्न आएको कि घुम्न ? त्यत्रो खर्च गरेर नेपाल आएका विदेशीको ज्यानको सुरक्षा गर्न सरकार चुकेको छ । विदेशीहरू मठमन्दिरमा दर्शन गर्न पुग्छन् त्यही माग्नेहरूले धुरुक्कै रुवाउँछन् । बजार निस्किँदा पनि उनीहरूको हाल बेहाल छ ।

सरकार जिम्मेबार बनिदिने हो भने स्वदेशी र विदेशी दुवैले सुखको श्वास फेर्न पाउलान् । फोहोर व्यवस्थापनमा सरकारको ध्यान जाओस् । नेपाल आएका विदेशीको सुरक्षाको ग्यारेण्टी सरकारले लिनुपर्छ । अनिमात्र पर्यटक भित्र्याउने लक्ष्यमा पुग्न सम्भव हुने देखिन्छ ।

*–**रामचन्द्र खत्री**, विजेश्वरी, काठमाडौं*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मिटरब्याजीविरुद्ध मलंगवाबाट सबैभन्दा धेरै उजुरी

**सर्लाही–** सर्लाहीमा मिटरब्याजीविरुद्ध परेका एक हजार ९२० उजुरीमध्ये सबैभन्दा धेरै मलंगवा नगरपालिकाबाट परेका छन् भने सबैभन्दा कम बागमती नगरपालिकाबाट परेका छन् ।

अनुचित लेनदेन अर्थात् मिटरब्याजसम्बन्धी जाँचबुझ आयोगले उजुरी माग गरेपश्चात् जिल्लाभरबाट एक हजार ९२० वटा उजुरी परेकामा मलंगवा नगरपालिकाबाट मात्रै ४५८ वटा उजुरी परेका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । उनका अनुसार ईश्वरपुर नगरपालिकाबाट १३१, बरहथवा नगरपालिकाबाट १२८, कविलासी नगरपालिकाबाट १६०, हरिपुर नगरपालिकाबाट १५१, ब्रह्मपुरी गाउँपालिकाबाट १४८ वटा उजुरी परेका छन् । बीस स्थानीय तह रहेको सर्लाहीमा ईश्वरपुर, बरहथवा, मलंगवा, कविलासी, हरिपुर, ब्रह्मपुरी गरी छवटा पालिकाबाट मात्रै ६० प्रतिशतभन्दा बढी उजुरी परेको प्रजिअ यादवले बताए ।

यस्तै हरिपुर्वा नगरपालिकाबाट ९०, बलरा नगरपालिकाबाट ८४, चन्द्रनगर गाउँपालिकाबाट ६८, लालबन्दी नगरपालिकाबाट ६७, गोडैता नगरपालिकाबाट ४९ र कौडेना गाउँपालिकाबाट ४७ उजुरी परेका छन् भने चक्रघट्टा गाउँपालिकाबाट ३७, धनकौल गाउँपालिकाबाट ३६, बसबरिया गाउँपालिकाबाट ३३, पर्सा गाउँपालिकाबाट ३२, विष्णु गाउँपालिकाबाट २३ र रामनगर गाउँपालिकाबाट पनि २३ उजुरी परेका छन् । जिल्लाभरमा सबैभन्दा कम बागमती नगरपालिकाबाट पाँचवटामात्रै उजुरी परेका छन् । उक्त कार्यालयले जेठ १४ गतेसम्म जिल्लाभरका मिटरब्याज पीडितहरूसँग उजुरी लिएको थियो । पीडितहरूले दिएका उजुरी पालिकागतरूपमा छुट्याउने काम पूरा गरिएको सहायक प्रजिअ होमप्रसाद घिमिरेले जानकारी दिए । उनका अनुसार मिटरब्याज साहुको विवरणसमेत 'एक्सल सिट'मा इन्ट्री गरेर राखिएको छ ।

एक हजार ९२० पीडितका उजुरी अब सम्बन्धित पालिकामै पठाएर त्यहाँ मिटरब्याजीविरुद्ध उजुरीसहित सम्बद्ध पक्षा तथा जनप्रतिनिधिको रोहवरमा पहिलो चरणमा छलफल गराई पालिकाबाटै समस्या समाधान गर्ने प्रयास गरिने सहायक प्रजिअ घिमिरेले बताए । उनका अनुसार लिएको ऋणभन्दा दोब्बर/तेब्बर बढीको कागज बनाएर मिटरब्याजी साहुले घरजग्गा नै लिलाम गरी उठिबासकै स्थिति सिर्जना गराएपछि जिल्लाका मिटरब्याजपीडितले पटक-पटक र चरणबद्ध आन्दोलन गर्दै आएका थिए । अहिले आयोग नै गठन गरेर छानबिनको प्रक्रिया अघि बढ्दा न्याय पाउने आश पलाएको हरिवन नगरपालिका-२ का मिटरब्याजपीडित रामपुकार महतोले बताए । उनका अनुसार आफूहरूले पटकपटक चरणबद्ध आन्दोलन गरेपछि राज्यको केही भए पनि ध्यान मिटरब्याजी पीडिततर्फ गएको छ । *रासस*

# विपद् प्रतिकार्यका लागि जनशक्ति तयार

**नेपालगञ्ज–** बाँकेको नेपालगञ्ज उपमहानगरपालिकाभित्र हुनसक्ने विपद् प्रतिकार्यका लागि २०० जनशक्ति तयार गरिएको छ । उपमहानगरपालिका-३ र ७ बाट १८ देखि ५० वर्षसम्मका उमेर समूहको सो संख्याका जनशक्ति तयार गरिएको सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी योजनाका अधिकृत रूपन ज्ञवालीले जानकारी दिए । 'हामीले ४०० जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएका छौं, जसले विपद्का बेला खोज तथा उद्धारलगायत काम गर्न सकोस,' उनले भने, 'उनीहरूका लागि आवश्यक सबै प्रकारका तालिम प्रदान गरिएको छ ।'

उक्त दुई वडा भूकम्पको उच्च जोखिममा रहनाका साथै आगलागी वा अन्य विपद्का घटना हुँदा आवतजावत गर्न कठिनाइ हुने क्षेत्रका रूपमा लिइएको छ । ती वडामा भूकम्प तथा आगलागीका घटनामा समुदायमा चेतना जगाउने काम र भूकम्प सम्बन्धी कृत्रिम घटना अभ्यासलगायत कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी योजनाका परामर्शदाता डा. सुजन मल्लले विपद्मा प्रतिकार्य क्षमता बढाउन नसकेको बताए । विपद्का लागि बेग्लै चार तहको संयन्त्र आवश्यक परेको र यसका लागि स्थानीय सरकार सबैभन्दा बढी जिम्मेबार हुनुपर्नेमा उनले जोड दिए ।

'राज्यको जलवायु परिवर्तनमा बजेट छ तर विपद्मा बजेट कम छ,' डा. मल्लले भने । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले विपद्लाई उपमहानगरका तर्फबाट उच्च प्राथमिकता दिइएको जानकारी दिँदै यसमा नागरिकको पनि दायित्व रहेको उल्लेख गरे ।

सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी योजनाका अधिकृत शिव सुवेदीले बिमामार्फत पनि भूकम्पीय जोखिम कम गराउन सकिने चर्चा गर्दै सबै सरोकार भएका समुदाय विपद्मा चनाखो हुन आवश्यक रहेको बताए । विपद्का लागि उपमहानगरपालिकाले विपद् राहत कोषमा ८० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । *रासस*

## शेयर लगत, कम्पनीको नाम परिर्वतन सहितको प्रबन्धपत्र र नियमावलीमा संशोधन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/०२/२५**

यस कम्पनीको मिति २०७७/०२/०५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी (**कसाई ग्रुप अफ कम्पनीज प्रा.लि.**) मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम (**च्वाइस पोल्ट्री एण्ड एग्रो प्रा.ली.)को** कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७७/०२/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **च्वाइस पोल्ट्री एण्ड एग्रो प्रा.ली. नं.३११५३१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## प्रभु कृषि तथा पशुपन्छी कम्पनी लिमिटेड

PRABHU KRISHI TATHA PASHUPANCHHI

का.जि.का.म.न.पा-३१, काठमाडौं

## शेयर बापतको रकम भुक्तानी गर्न शेयरधनीको नाममा जारी गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति: जेष्ठ २५, २०८०**

**प्रभु कृषि तथा पशुपन्छी कम्पनी लिमिटेड** कम्पनीको मिति: माघ २६, २०७९ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम सबै संस्थापक शेयरधनीले लिन कबुल गरेको शेयर पूँजीको १००% प्रतिशत पुऱ्याउन थप ८५ % प्रतिशतले हुन आउने शेयर वापतको रकम कम्पनीको प्रभु बैंक लिमिटेड, कोटेश्वर शाखाको चल्ती खाता नं.११५०१५३५९२६०००१५ मा यहि जेष्ठ २७, २०८० भित्र दाखिला गर्नु हुन कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (३) बमोजिम अनुरोध गरिन्छ । अन्यथा शेयर जफत भै जाने व्यहोरा अनुरोध छ ।

**संचालक समिति**

**प्रभु कृषि तथा पशुपन्छी कम्पनी लिमिटेड**

## मलेसिया/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SUPER FORCE SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/२४ | LT No :270878 | चलानी नं. ६०१८६९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 73 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **VIEW CAFE**

पूर्व स्वीकृति मिति : २०७८/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/२४ | LT. No. 251569 | चलानी नं.६०१६८३४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 150 | ६४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 19 | 0 | 90 | ३८,६४५ | | | | | | | |
| 3 | Kitchen Helper | 10 | 0 | 120 | ५१,५३० | | | | | | | |
| 4 | Waiter | 10 | 0 | 120 | ५१,५३० | | | | | | | |

कम्पनी : **MAJESTIC RESTAURANT MANAGEMENT COMPANY**

पूर्व स्वीकृति मिति : २०८०/०२/२३ | LT. No. 287367 | चलानी नं.६०२०२७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender/cashier | 3 | 0 | 120 | ५१,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis | 5 | 0 | 130 | ५५,८२५ | | | | | | | |
| 3 | Steward | 4 | 0 | 85 | ३६,५०० | | | | | | | |
| 4 | Waiter | 4 | 0 | 110 | ४७,२३५ | | | | | | | |

कम्पनी : **HAIR AFAIR BEAUTY SALON FOR LADIES**

पूर्व स्वीकृति मिति : २०८०/०२/२३ | LT. No. 287368 | चलानी नं.६०२०२७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 5 | 150 | ६४,४१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure Pedicure | 0 | 5 | 150 | ६४,४१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदी/कुवेत/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ZN TRADING EST**

पूर्व स्वीकृति मिति २०७९/१२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/२४ | LT. No.283959 | चलानी नं.६०१९७८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MIKYAJY ART SALON FOR LADIES**

पूर्व स्वीकृति मिति २०८०/०२/२३ | LT. No. 287386 | चलानी नं. ६०२०२७६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ladies Beauty Salon | 0 | 4 | 150 | ६४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

कम्पनी : **CONTINENTAL TRADING AND CONTRACTING WLL**

पूर्व स्वीकृति मिति २०८०/०२/२४ | LT. No. 287400 | चलानी नं. ६०२०२७७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1400 | ५०,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrican | 2 | 0 | 1200 | ४३,५५५ | | | | | | | |
| 3 | Electromechanical Engineer | 2 | 0 | 4200 | १५२,४३० | | | | | | | |
| 4 | Human Resources Specialist | 0 | 2 | 2200 | ७९,८४५ | | | | | | | |
| 5 | Technician | 5 | 0 | 1100 | ३९,९२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Honesty OVERSEAS Pvt. Ltd.
श्रम इजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **R K BEST CONTRACTING & HOSPITALITY SERVICES**

पूर्व स्वीकृति मिति २०८०/०२/२३ | LT. No. 287318 | चलानी नं. ६०२०२८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४३,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Clerical | 0 | 2 | 1300 | ४७,१८० | | | | | | | |
| 3 | Clerical Gen | 1 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 4 | Data Entry | 6 | 2 | 2700 | ९७,९९० | | | | | | | |
| 5 | General Clean Worker | 4 | 3 | 1200 | ४३,५५० | | | | | | | |
| 6 | Mason | 1 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 7 | Representative | 2 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 8 | Store Keeper | 1 | 0 | 2000 | ७२,५२५ | | | | | | | |
| 9 | Supervisior | 1 | 0 | 3000 | १०८,८८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/065/066

**IMPERIAL OVERSEAS PVT. LTD.**

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530, Mobile: 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST.**

पुर्व स्वीकृति मिति २०७९/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२४ | LT. No. 271028 | चलानी नं. ६०१८६८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 17 | 900 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 10 | 4 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 10 | 10 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Marketing Specialist | 5 | 25 | 3200 | ११५,४८० | | | | | | | |
| 5 | Waiter | 1 | 16 | 1000 | ३५,६२५ | | | | | | | |

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**

पुर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२४ | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 54 | 900 | ३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३५,६२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SOE
श्रम इजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## Bruneiमा रोजगारको अवसर

कम्पनी : **SERI BELALONG SDN BHD**

पुर्व स्वीकृति मिति २०७९/०५/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/२४ | LT No.270188 | चलानी नं. ६०१८५९६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BND | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Goldsmiths | 2 | 0 | 750 | ७३,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Jewellery Maker | 1 | 0 | 800 | ७८,४२० | | | | | | | |
| 3 | Machine Operator | 20 | 0 | 900 | ८८,२२० | | | | | | | |
| 4 | Manager | 0 | 2 | 900 | ८८,२२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Inspire International Employment Pvt. Ltd.
श्रम इजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**

Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, Email: inspireintemp@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GOLDEN THREE LEAF CAFE SDN BHD**

पूर्व स्वीकृति मिति : २०८०/०२/२४ | LT. No.287443 | चलानी नं. ६०२०२७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 15 | 0 | 1500 | ४३,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० जेष्ठ ३२ गते (15th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Otverseas Pvt. Ltd**

श्रम इजाजत नं. ७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातयात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
नुवाकोट

## बागमती प्रदेश सरकार - भौतिक पूर्वाधार विकास मन्त्रालय, यातयात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय, नुवाकोटले प्रस्ताव गरेको निम्म वमोजिम सडक र पुल आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्बजनिक सुनुवाईको सूचना

**प्रकाशित मिति : २०८०/०२/२५**

बागमती प्रदेश- वातावरण संरक्षण ऐन, २०७७ को दफा ३ को उपदफा ४ बमोजिम यस प्रस्तावको कार्यन्वयनको क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरुसंग अन्तरक्रिया गर्न सार्बजनिक सुनुवाई गर्नु पर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान र समयमा सार्बजनिक सुनुवाई कार्यक्रम हुने भएकाले सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमुल्य राय तथा सुझाबहरु दिनु हुन अनुरोध गर्दछौं ।

**प्रस्तावकको नाम र ठेगानाः पूर्वाधार विकास कार्यालय, नुवाकोट**

| क्र.स. | आयोजनाको नाम | प्रभाव पर्न सक्ने न.पा/ग.पा र वार्ड | सार्बजनिक सुनुवाई हुने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | समारी- कल्लाबारी- परमाचेत हुदै घादिङ जोड्ने सडक (११.२२ कि.मि.), नुवाकोट र धादिङ जिल्ला | नुवाकोट जिल्लाको म्यागङ गाउँपालिका- ५ धादिङ जिल्लाको नीलकण्ठ नगरपालिका -१४ | म्यागङ गाउँपालिका वार्ड नं. ५, परमाचेतमा मिती २०७८/११/२८ गते अपरान्हको ३ बजे |
| २ | तादी ०३ जलबिद्युतबाट पञ्चकन्या ०४ स्वारँबेशी जोड्ने पक्की पुल तादी खोला पुल (७० मि.), नुवाकोट जिल्ला | तादी गा.पा.- २ र पञ्चकन्या गा.पा.-४, | पञ्चकन्या गा.पा.-४, तादी खोला पुल निर्माण स्थलमा मिती २०७८/११/२९ गते अपरान्हको ३ बजे |
| ३ | रोङ –गोल्जुङ्ग –गत्लाङ्ग – सोम्दांग सडक (१०.४२ कि.मि.), रसुवा | आमाछोदिङमो गाउँपालिका- ३ र ४ | आमाछोदिङमो गाउँपालिका, वार्ड नं. ४ को कार्यलयमा मिती २०८०/०२/३० गते बिहानको १० बजे |

# प्रभाव दैनिक

बिहीबार, २५ जेठ २०८० (Thursday, June 8, 2023)


## रूपशाला

### यामको 'कार्साङ'मा दयाहाङ अनुबन्धित

अहिलेका व्यस्त अभिनेता दयाहाङ राई नयाँ फिल्ममा अनुबन्धित भएका छन् । यार्सा फिल्मस्को व्यानरमा निर्माण हुने फिल्म 'कार्साङ'मा उनी अनुबन्धित भएका हुन् । फिल्ममा याम शेर्पाको लेखन तथा निर्देशन रहनेछ । फिल्ममा छायाकारमा पुरूषोत्तम प्रधान अनुबन्धित भएका छन् । फिल्मको ९० प्रतिशत छायांकन बाह्रबिसे नगरपालिका-६ र बाँकी भोटेकोसीमा हुने निर्माण पक्षले जनाएको छ । फिल्मका अन्य कलाकार तथा प्राविधिक चाँडै फाइनल गरिने निर्देशक शेर्पाले बताए । 'फिल्मका बाँकी कलाकार अडिसनमार्फत छनोट गरिनेछ', शेर्पाले भने । उनले फिल्म सामाजिक कथामा बन्ने खुलाए । निर्देशक शेर्पाको यो डेब्यू निर्देशकीय फिल्म हो । उनले यसअघि थुप्रै सर्ट फिल्मको निर्देशन गरिसकेका छन् ।



# गीतकार कमलाको 'धुँवा धुँवा'मा प्राञ्जल र स्मृति

■ प्रभाव संवाददाता



**काठमाडौं–** गायक स्वरूप राज आर्चायको स्वर रहेको धुँवा धुँवा बोलको गीतको भिडियो रिलिज गरिएको छ । भिडियोको निर्माण टिमले अमेरिकाको क्यान्सस राज्यको ओभरल्याण्ड पार्क सहरमा एक कार्यक्रमकाबिच भिडियो रिलिज गरेको हो । सो अवसरमा स्थानिय कलाकार तथा संगीतकर्मीहरूको उपस्थिती रहेको अन्तर्राष्ट्रिय साहित्य समाज क्यान्सस च्याप्टरले जनाएको छ ।

सार्वजनिक गीतमा कमला न्यौपानेको शब्द रहेको छ भने संगीत येदिन गजमेरको रहेको छ । गीतकार कमला र संगीतकार येदिन सांगीतिक क्षेत्रमा यसअघि नै राम्रा राम्रा सांगीतिक कोशेलीहरू पस्किसकेका स्रष्टाहरू हुन् । धिरज श्रेष्ठको एरेन्ज रहेको गीतमा कृष्ण केआर मर्हजनको मिक्सिगं तथा मास्टरिगं रहेको छ ।

जसमा प्रान्जल न्यौपाने र स्मृती श्रेष्ठको अभिनय रहेको छ । व्यबस्तताकाबिच एक्लिएका एक प्रेमीको मनमा खड्कीएको एक्लोपनालाई भिडियोले देखाएको छ । जसमा मानिसको जिन्दगीमा आइपर्ने अनेक आरोह अवरोहरूलाई कलात्मक शैलीमा निर्देशक केशबराज भट्टले भिडियोमा देखाएका छन् ।

उद्धब दाहालको छायांकन रहेको भिडियोको सम्पादन बिकास धमलाले गरेका हुन् । प्रकाश न्यौपानेको निर्माणमा तयार भिडियो तरंग द वेभ क्रियशनबाट बजारमा आएको हो ।

# 'मिस एन्ड मिसेज डिश्याबिलिटी क्विन २०२३' बने रमिला र नन्दा

**काठमाडौं (प्रस)–** 'मिस एन्ड मिसेज डिश्याबिलिटी क्विन २०२३' को उपाधि रमिला साउद र नन्दा सुनारले जितेका छन् । रमिलाले मिस तर्फको उपाधि चुम्दा नन्दा मिसेज तर्फ विजेता बनिन् ।

राजधानीमा एक समारोहका बीच आयोजित प्रतियोगितामा झरना घिमिरे फस्ट रनरअप र निर्मला खाण सेकेन्ड रनरअप घोषित भए । ग्रिन आर्ट्स मिडिया प्रालिको आयोजना रहेको प्रतियोगितामा २३ प्रतियोगी रहेका थिए ।

अपाङ्गता भएका व्यक्तिहरूको क्षमता साथै उनीहरूमा लुकेर बसेको प्रतिभालाई उजार गर्दै समाजमा सक्षम व्यक्तिको रूपमा अगाडि ल्याउनु प्रतियोगिताको उद्देश्य रहेको छ । प्रतियोगितामा सहभागीलाई विभिन्न प्रशिक्षणसहित विजेता छानिएको हो । प्रतियोगिताको निर्णायकमा आलोक श्री, प्रतिष्ठा थापा, श्रद्धा जोशी कर्माचार्य, सृजल रूपाखेती, सीता सुवेदीलगायत रहेका थिए । प्रतियोगिताको कोरियोग्राफी अनिला श्रेष्ठले गरेकी थिइन् । अनिला ग्रिन आर्ट्स मिडियाका निर्देशक पनि हुन् ।

# 'वेलकम टु हेम्जाकोट'को प्रिमियर

■ प्रभाव संवाददाता



**काठमाडौं–** आगामी शुक्रबारदेखि देशभर सार्वजनिक प्रदर्शन हुन लागेको फिल्म 'वेलकम टु हेम्जाकोट' को प्रिमियर गरिएको छ । मंगलबार चावहिलस्थित केएल टावरमा रहेको एफक्युब हलमा आयोजित प्रिमिएरमा निर्देशक तथा निर्मात्री दिपाश्री निरौला, निर्देशक ज्ञानेन्द्र देउवा, निर्देशक तथा कलाकार नरेश पौडेल, डब्बु क्षेत्री, शोभित बस्नेत अभिनेता कृष्ण शिवाकोटी, मुकुन भुषाल, सलोन बस्नेत, मनिष राउत, गायक पवन गिरी लगायतका कलाकर्मीको साथमा रंग पत्रकारको समेत बाक्लो उपस्थिति थियो ।

प्रिमियरमा फिल्म हेर्ने अधिकाम्स ब्यक्तिले मनपरेको प्रतिक्रिया दिए । विगतमा भन्दा यसपटक आयोजित यो फिल्मको प्रिमियर कार्यक्रम असाध्यै छोटो बनाइएको थियो । यसअघिका कार्यक्रममा उपस्थित अतिथिहरूले औपचारिक कार्यक्रम असाध्यै लामो बनाइएको, धेरै वक्ता राखिएको भन्दै गुनासो गरेका कारण प्रिमियर छोटो बनाइएको मिडिया सल्लाकार रामजी ज्ञवलीले बताए ।

कार्यक्रममा निर्देशक सरोज पौडेलले फिल्म नितान्त मनोरन्जनका लागि बनाइएकाले त्यसैअनुसार दर्शकबाट साथको अपेक्षा गरे । 'हामीले यो एउटा प्रयास गरेका छौं । अर्कोकुरा म पनि यसै फिल्मबाट निर्देशन यात्रा थालेको छु । आशा छ दर्शकले मेरो यो उद्योगमा आगमनलाई सहर्ष स्विकार्नुहुनेछ ।' त्यस्तै कार्यक्रममा अभिनेता बुद्धि तामाङले अरु चलचित्रमा भन्दा यसपटक केहि फरक प्रयास गरेको र दर्शकले चलचित्र हेर्दासम्म दिक्क नमान्ने बताए ।

अभिनेता विनोद न्यौपानेले आफ्नो करिअरमा यो चलचित्रले छुट्टै अर्थ राख्ने उल्लेख गर्दै दर्शकबाट साथ र माया पाउने अपेक्षा राखे । समसामयिक कथामा कमेडी शैली मिश्रण गरेर प्रस्तुत गरिएको फिल्मले वैदेशिक रोजगारी, बेरोजगारीले निम्त्याउने समस्या, अन्तरजातीय प्रेममा आउने उताव-चडाब लगायतका विषयवस्तु कथाको रूपमा उठाएको छ । क्लोजअप सिने प्रोडक्सनको ब्यानरमा निर्माण गरिएको फिल्म नेपालबाहेक जापान, अस्ट्रेलिया, अमेरिका र युरोपका केहि सहरमा प्रदर्शन हुनेछ ।

तेजप्रसाद दाहाल, जितेन्द्र गिरी, बाबुराम कार्की, सुमन खड्काको लगानीमा निर्माण भएको यस फिल्ममा सरोज पौडेलको लेखन तथा निर्देशन छ भने बुद्धि तामाङ, विनोद न्यौपाने, दिनेश खड्का, प्रदिप ढकाल, सन्दिप सिग्देल, अम्बिका तामाङ, सुजाइरा कार्की, विशाल पहारी, रवि गिरी, लक्ष्मीनाथ तिमल्सिना, रश्मी भट्ट, अस्मिता पन्त, शारदा गिरी, बलदिव राई, प्रेविल कँडेल, स्व.जयनन्द लामा, लगायतका कलाकारको अभिनय देख्न सकिन्छ । वरिष्ठ कलाकार लामाको यो अन्तिम चलचित्र पनि हो ।

फिल्मले काठमाडौँमा सम्पन्न चौथो नेपाल सांस्कृतिक अन्तर्राष्ट्रिय फिल्म फेस्टिवलमा उत्कृष्ट नेपाली फिल्मको अवार्ड जितेको थियो । मिलन श्रेष्ठको एक्सन, मित्र डि गुरुङको सम्पादन रहेको चलचित्रका डिओपी दिर्घ गुरुङ हुन् ।






# भकुण्डेबेसीमा बुद्धि र मुकुन

**काठमाडौं (प्रस)–** अभिनेताद्धय बुद्धि तामाङ र मुकुन भुसालले काभ्रेको भकुण्डेबेसी पुगेर विद्यार्थीसँग भलाकुसारी गर्ने भएका छन् । बिहीबारबाट नमोबुद्ध नगरपालिकाको भकुण्डेबेसीमा आयोजना हुने 'नेपाल ग्रामीण चलचित्र महोत्सव' को अन्तिम दिन शनिबार यी दुई अभिनेता त्यहाँका विद्यार्थीमाझ प्रस्तुत हुने भएका हुन् ।

कार्यक्रममा 'ग्रामीण विद्यार्थीको नजरमा चलचित्र' विषयक सेसन हुनेछ । जसमा मुकुन र बुद्धि वक्ताको रूपमा रहेका छन् । आयोजक सेलिब्रेटी नेपालका अध्यक्ष रघुनाथ सापकोटाका अनुसार दुई अभिनेताले विद्यार्थीहरूसँग केही समय अन्तरक्रिया गर्नेछन् । चलचित्रलाई लिएर विद्यार्थीको नजर कस्तो छ ? अभिनेताद्धयले बुझ्ने प्रयास गर्नेछन् ।

महोत्सवमा शनिबार नै लेखक एवं निर्देशक दीपेन्द्र लामा, अभिनेत्री दिया पुन र अस्कर कलेजका प्रिन्सिपल तथा निर्देशक रामराजा दाहालको 'मास्टर क्लास' समेत सञ्चालन गर्नेछन् । 'आफ्नै गाउँ, आफ्नै भाषा, आफ्नै चलचित्र' नाराका साथ हुन लागेको महोत्सवमा दुई दर्जन बढी फिल्महरू सहभागी छन् ।

महोत्सवमा 'झिंगेदाउ', 'प्रकाश', 'डेसान' सँगै तामाङ र गुरुङ फिल्महरू प्रदर्शन गरिनेछ । साउनमा प्रदर्शनमा आउने तयारीमा रहेको लिम्बु संस्कृतिमा बनेको फिल्म 'लुङा'को प्रिमियर समेत महोत्सवमा हुनेछ ।

काठमाडौँबाट दुई दर्जन बढी फिल्मकर्मीहरू महोत्सवमा सहभागी हुन भकुण्डेबेसी पुग्नेछन् । चलचित्र विकास बोर्डसँगको सहकार्यमा यो महोत्सव हुन लागेको हो । महोत्सवको पहिलो संस्करण गत वर्षको वैशाखमा गोरखाको लाप्राकमा गरिएको थियो । स्थानीय क्षेत्रको भाषा, कला, संस्कृति एवं पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्नु र नेपाली फिल्म हेर्ने बानी बसाल्नु लगायतको उद्धेश्य राखेर महोत्सव आयोजना गरिएको आयोजकले जनाएको छ ।

## रंगशाला

# युथ ओपन फाइभ के रन असारमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** एथलेटिक्स परिबार नेपालको आयोजनामा असारको पहिलो साता युथ ओपन फाइभ के रन आयोजना हुने भएको छ ।

एथलेटिक्सका युवा खेलाडीलाई प्रवर्द्धन गर्ने उद्धेश्यका साथ दशरथ रंगशाला एरियामा असारको २ गते प्रतियोगिता सञ्चालन हुने भएको हो ।

पुरुष र महिला गरि दुई स्पर्धामा सञ्चालन हुने प्रतियोगितामा १४ वर्ष उमेर पुगेका खेलाडीले प्रतिस्पर्धा गर्न पाउनेछन् ।

प्रतियोगिताको विजेता (महिला र पुरुष)ले ट्रफी, पदक सहित समान २० हजार रूपैयाँ प्राप्त गर्नेछन् । दोस्रो हुनेले १० हजार, तेस्रोले ५ हजार, चौथो र पाँचौं हुनेले समान दुई हजार र छैटौं देखि दशौं स्थान सम्म हासिल गर्ने खेलाडीले समान एक हजार रूपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगितामा नाम दर्ताका लागि जेठ ३२ गते बिहिबारसम्मको समय तोकिएको छ । खेलाडी दर्ता वर्ल्ड ट्रेड सेन्टरको दोस्रो तलामा रहेको एथलेटिक्स परिबार नेपालको सम्पर्क कार्यालयमा गर्न सकिने आयोजकले जनाएको छ ।

# तार्केश्वर नगर प्याब्सन बास्केटबल आजदेखि

■ प्रभाव संवाददाता

**काठमाडौं–** तार्केश्वर नगर प्याब्सनको आयोजनामा प्रथम तार्केश्वर नगर प्याब्सन अन्तरविद्यालय बास्केटबल प्रतियोगिता (आज) बिहीबारदेखि हुने भएको छ ।

प्रतियोगितामा जुनियर ब्वाइजमा १६ तथा सियिनर गर्ल्समा १२ गरी २८ टिमको सहभागिता रहने प्रतियोगिता संयोजक एवं आयोजकका उपाध्यक्ष गोपाल बुढाथोकीले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए । दुवै समूहमा सहभागी टिमलाई ४ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने छ ।

जुनियर ब्वाइजमा एन्जल्स हार्ट, गिनिज पब्लिक, हिरश्मी, जीवन ज्योति, काठमाडौं लिङकन, लालीगुराँस विद्याकुन्ज, लालीगुराँस नेसनल एकेडेमी, ल्यान्डमार्क एकेडेमी, नर्थ भ्याली, प्रारम्भ वर्ल्ड, रोजमेरी आइडल, सेक्रेट हार्ट, सिद्धार्थ मोडल, स्प्रिङ भ्याली, सिर्जना ज्ञान सागर र एन्जल्स हार्ट नेसनल स्कुलले भाग लिने छन् ।

सिनियर गर्ल्समा एन्जल्स हार्ट, हिमरश्मी, काठमाडौं लिङकन, लालीगुराँस, ल्यान्डमार्क, न्यु एरा, नर्थ प्वाइन्ट, नर्थ भ्याली, पद्मचक्र, रोजमेरी, स्प्रिङ भ्याली र सिर्जना ज्ञान सागरले खेल्ने छन् ।

साताव्यापी प्रतियोगिता सञ्चालन गर्न करिब १ लाख ४५ हजार २ सय रूपैयाँ खर्च हुने आयोजकले जनाएको छ । खेलहरू मनमैजुस्थित लालीगुराँसको कोर्टमा खेलाइने छ ।

उपाध्यक्ष बूढाथोकीले विद्यार्थीमा अन्तरनिहीत क्षमताको पहिचान गर्न प्रतियोगिता उपयोगी हुने विश्वास व्यक्त गरे । आयोजकका अध्यक्ष धनबहादुर पुनले खेलकुद राष्ट्रलाई योगदान दिने महत्वपूर्ण माध्यम भएकाले हरेक विद्यालयले खेलकुदलाई विशेष प्राथमिकता दिनु पर्नेमा जोड दिए ।

## सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप

# सुवास र सद्भावलाई संयुक्त अग्रता

■ प्रभाव संवाददाता







**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको दोस्रो दिन दुई एमेच्योर खेलाडी सद्भाव आचार्य र सुबाश तामाङ संयुक्त रूपमा शीर्ष स्थानमा रहेका छन् ।

गोकर्ण गल्फ क्लबमा सद्भाव र सुबाशले ३६ होलको समाप्तीमा समग्रमा ९-अन्डर १ सय ३५ को स्कोरमा नीरज तामाङ र शुक्र बहादुर राईलाई तीन स्ट्रोकले पछि पारेका हुन् ।

गोकर्ण गल्फ क्लबमा आज राष्ट्रिय टिमका खेलाडी सद्भावले ७-अन्डर ६५ को उत्कृष्ट स्कोर कार्ड बनाउँदै शीर्ष स्थानमा उक्लिए । सुबाशले भने इभन-पार ७२ मा दोस्रो दिनको खेल सकाउँदा शीर्ष स्थान बाँडे ।

दिनकै उत्कृष्ट कार्ड बनाउने क्रममा नीरज तामाङले ८-अन्डर ६४ को स्कोर बनाए । यो स्कोरमा नीरज र डिफेन्डिङ च्याम्पियन शुक्र बहादुर राईले संयुक्तरूपमा तेस्रो स्थान बाँडे । शुक्रले ५-अन्डर ६७ मा दोस्रो दिनको खेल सकाए । दुवैले समग्रमा ६-अन्डर १ सय ३८ स्कोर गरे ।

४-अन्डर १ सय ४० सहित भुवन नगरकोटी र तोरण विक्रम शाही संयुक्तरूपमा पाँचौ स्थानमा छन् । भुवनले ४-अन्डर ६८ र तोरणले इभन-पार ७२ स्कोर गरे ।

यसैगरी जयराम श्रेष्ठ र शिवराम पौडेल संयुक्तरूपमा सातौं स्थानमा छन् । दुवैले आज इभन-पार ७२ को कार्ड बनाए । समग्रमा २-अन्डर १ सय ४२ सहित सुर्य प्रसाद शर्मा नवौं स्थानमा छन् । आज उनले २-अन्डर ७० स्कोर गरे । इभन-पार ७२ सहित समग्रमा १-अन्डर १ सय ४३ सहित दिनेश प्रजापति दशौं स्थानमा छन् ।

३६ होलको समाप्तीमा ७-ओभर १ सय ५१ स्कोर गर्ने २३ प्रोफेसनल गल्फर र ६ एमेच्योर गरी २९ खेलाडीले कट बनाएका छन् । प्रोफेसनलतर्फ रबि खड्का, राजेन्द्र थापा मगर, रामकृष्ण श्रेष्ठ, कमल तामाङ, भुवन कुमार रोक्का, धन बहादुर थापा, दल बहादुर गुरुङ, रामे मगर, पुर्ण प्रसाद शर्मा, भुबहादुर गुरुङ, टासी घले, दीपक मगर, टंक बहादुर कार्की, दीपक न्यौपाने र बलभद्र राईले अन्तिम ३६ होलको लागि स्थान सुरक्षित गरे ।

एमरच्योरतर्फ टासी छिरिङ तेस्रो स्थानमा छन् । उनले २-अन्डर ७० सहित समग्रमा १ सय ४४ स्कोर गरेका छन् । यसैगरी वाङचेन ढोन्डुप, भरत थापा मगर र प्रज्वल गुरूङ सहित ६ एमरच्योर खेलाडीले पनि कट बनाए ।

युवा एमेच्योर सदभावले दिनको सुरूवात बर्डीबाट गरे । यसपछि तेस्रो देखि छैटौं होलसम्म लगातार चार होल र नवौं होलमा एक-एक सट बचाए । सातौं होलको बोगीले फ्रन्ट नाइन ५-अन्डर ३१ मा पुरा गरे । त्यसपछि १३औं र १५औं होलमा बर्डी प्रहार गर्दै ब्याक नाइन २-अन्डर ३४ मा सकाए ।

पहिलो दिनका लिडर तथा नेपाल नम्बर एक एमेच्योर खेलाडी सुबाशले फ्रन्ट नाइन १-अन्डर ३५ मा सकाउने क्रममा पहिलो, तेस्रो र सातौं होलमा बर्डी प्रहार गरे । छैटौं र आठौं होलमा एक-एक सट खेर फाले । १२औं होलमा बर्डी प्रहार गरेपनि १४औं र १८औं होलमा बोगी खेपे । ब्याक नाइन १-ओभर ३७ मा सकाए ।

धरानका प्रोफेसनल गल्फर नीरज तामाङले दिनकै उत्कृष्ट कार्ड निकाल्ने क्रममा फ्रन्ट नाइनमा लोभलाग्दो प्रदर्शन गरे । उनले तेस्रो देखि नवौं होलसम्म लगातार सात बर्डीको सफलता प्राप्त गरे । फ्रन्ट नाइन ७-अन्डर २९ मा पुरा गरे । ११औं, १२औं र १५औं होलमा एक-एक सट बचाए भने १४औं र १६औं होलमा बोगी प्रहार गरे ।

यसैगरी डिफेन्डिङ च्याम्पियन शुक्रले फ्रन्ट नाइन ४-अन्डर ३२ मा सकाए । पहिलो, दोस्रो, तेस्रो, चौथो र सातौं होलमा एक-एक सट बचाए भने आठौं होलमा बोगी खेपे । ब्याक नाइन १-अन्डर ३५ मा सकाए । १२औं, १५औं र १८औं होलमा बर्डी प्रहार गरे भने ११औं र १३औं होलमा बोगी खेपे ।

प्रोफेसनल गल्फर्स एसोसिएसन नेपालद्वारा आयोजित तथा सुर्य नेपाल प्रालिद्वारा प्रयोजित प्रतियोगितामा ४१ प्रोफेसनल र ९ एमेच्योर गरी कुल ५० खेलाडीको सहभागिता रहेको छ ।

कुल १५ लाख २० हजार नगद पुरस्कार राशी रहेको प्रतियोगिताको विजेताले २ लाख ७० हजार प्राप्त गर्नेछ । यसैगरी दोस्रो, तेस्रो र चौथो हुने खेलाडीले क्रमशः १ लाख ७० हजार, १ लाख २० हजार र १ लाख प्राप्त गर्नेछन् । शीर्ष २१ मा पर्ने प्रोफेसनल खेलाडीले नगद हात पार्नेछन् ।

सूर्य नेपाल गल्फ टुर अन्तर्गत ८ मध्ये ७ वटा प्रतियोगिता सकिँदा ५ लाख १३ हजार ५ सय रूपैयाँका साथ भुवन नगरकोटी यो सिजन सर्वाधिक कमाउने खेलाडी सुचीको शीर्षस्थानमा छन् । उनी भन्दा १९ हजार ५ सय रूपैयाँ कम ४ लाख ९४ हजार रूपैयाँका साथ दोस्रो नम्बरमा शुक्रबहादुर राई रहेका छन् । यो प्रतियोगिताले अर्को सिजनको नम्बर १ खेलाडीको छिनोफानो समेत गर्नेछ ।

# सात वर्षपछि फेरि खुल्यो रियादमा इरानी दूतावास

**रियाद–** करिब आठ वर्षदेखि बिग्रिएको साउदी अरब र इरानबीचको कूटनीतिक सम्बन्धमा सुधार आएको छ । चीनको मध्यस्थतामा तेहरान र रियादबीच विभिन्न समयमा भएका सहमतिले द्विदेशीय सम्बन्ध पुनः सुमधुर बन्न लागेको हो ।

चिनियाँ मध्यस्थतामा तेहरान र रियादबीच भएको पछिल्लो सम्झौताअन्तर्गत वर्षौंदेखिको द्वन्द्व अन्त्य गर्न सहमत भएको केही महिनापछि मंगलबार साउदी अरबको राजधानी रियादमा इरानको दूतावास पुनः सञ्चालन भएको छ । सात वर्षको इरानी दूतावास रियादमा खुलेको हो ।

राजदूतावास उद्घाटन समारोहलाई रियादमा सम्बोधन गर्दै इरानका उपविदेशमन्त्री अलिरेजा बिग्देलीले साउदी अरब र इरानबीचको सम्बन्धका विविध आयामको चर्चा गरे । उनले साउदी अरबमा इरानको झण्डा पुनः फहराएपछि दुई देशबीचको सहकार्य नयाँ युगमा प्रवेश गरेको बताए ।

आपसी समझदारी, स्थायित्व र शान्तिका निम्ति राष्ट्र-राष्ट्रबीचको सञ्चार र संवादका लागि कूटनीति नै उत्तम माध्यम भएको उपविदेशमन्त्री बिग्देलीले बताए । उनले असल छिमेकीको सिद्धान्तका आधारमा छिमेकीसँगको सम्बन्धलाई सुदृढ गर्न इरान सधैं इच्छुक रहेको बताए । आर्थिक सम्बन्ध र आपसी लगानी प्रवर्द्धनले क्षेत्रीय शान्ति र स्थायित्व हासिल गर्न मद्दत पुग्ने तर्क उनले गरे । इरानी विदेश मन्त्रालयका प्रवक्ता नासेर कनानीका अनुसार जेद्दास्थित इरानको महावाणिज्य दूतावास र इस्लामिक सहयोग संगठनको सम्पर्क कार्यालय पनि एक दिनपछि फेरि सञ्चालनमा आउनेछ ।

खाडी राष्ट्रका क्षेत्रीय प्रतिद्वन्द्वी इरान र साउदी अरबबीच गत मार्चमा आपसी सम्बन्ध पुनःस्थापना गर्न सहमत भएपछि मध्यपूर्वको स्थायित्व र सुरक्षामा देखिएको अनिश्चय हट्नाका साथै त्यसबाट यमनदेखि सिरियासम्म क्षेत्रीय द्वन्द्वलाई कम गर्न मद्दत मिलेको थियो । चीनको बेइजिङमा दुई देशबीच कूटनीतिक सम्बन्ध पुनः नवीकरण गर्न र आफ्ना दूतावास एवं कूटनीतिक नियोग पुनः खोल्ने सम्झौता भएको थियो । चीन, साउदी अरब र इरानद्वारा संयुक्तरूपमा जारी गरिएको त्रिपक्षीय विज्ञप्तिअनुसार साउदी र इरानले संयुक्त राष्ट्रसंघको वडापत्रका सिद्धान्त र उद्देश्यहरूको पालना गर्दै वार्ता र कूटनीतिको माध्यमबाट आफ्ना असहमतिहरूलाई समाधान गर्न सहमति जनाएका थिए । *रासस/सिन्ह्वा*

# प्रधानमन्त्री मोदीलाई अमेरिकी संसद्मा सम्बोधनको निम्तो

**नयाँदिल्ली–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी असार ७ गते अमेरिकी संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने भएका छन् ।

प्रधानमन्त्री मोदीले असारको पहिलो सातादेखि गर्ने अमेरिकाको राजकीय भ्रमणको क्रममा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न लागेका हुन् । उनलाई सभामुख तथा सिनेटका अध्यक्ष एवं अन्य अधिकारीले सम्बोधनका निम्ति आमन्त्रण गरेका छन् ।

प्रधानमन्त्री मोदीले पनि अमेरिकी सदनको निमन्त्रणा स्वीकार गर्दै संयुक्त बैठकमा सम्बोधन गर्ने घोषणा गरेका छन् । अमेरिकी कंग्रेसको संयुक्त बैठकलाई दुईपटक सम्बोधन गर्ने प्रधानमन्त्री मोदी एकमात्र भारतीय नेता हुने छन् । यो विदेशी प्रतिष्ठित व्यक्तिहरूलाई अमेरिकाले दिने सर्वोच्च सम्मानमध्ये एक हो ।

'संयुक्त राज्यको प्रतिनिधिसभा र संयुक्त राज्य सिनेटको द्विदलीय नेतृत्वको तर्फबाट, तपाईं (प्रधानमन्त्री मोदी) लाई बिहीबार जुन २२ का दिन कंग्रेसको संयुक्त बैठकलाई सम्बोधन गर्न आमन्त्रित गर्नु हाम्रो लागि सम्मानको कुरा हो,' सभामुख केभिन म्याकार्थी, सिनेट बहुमतका नेता चक शुमर, सिनेट रिपब्लिकन नेता मिच म्याककोनेल र हाउस डेमोक्रेटिक नेता हकिम जेफ्रिजले हस्ताक्षर गरेको आमन्त्रणपत्रमा लेखिएको छ ।

सन् २०१४ मा प्रधानमन्त्री बनेपछि नेता मोदीले तीनै जना अमेरिकी राष्ट्रपति बाराक ओबामा, डोनाल्ड ट्रम्प र जो बाइडेनसँग द्विपक्षीय र बहुपक्षीय भेटघाटका लागि आधा दर्जनभन्दा बढीपटक अमेरिकाको भ्रमण गरेका छन् । यद्यपि, राजकीय भ्रमणका निम्ति उनलाई पहिलोपटक निमन्त्रणा गरिएको छ । अमेरिकाका नजिकका मित्र र सहयोगीहरूलाई मात्र यस्तो सम्मान दिने प्रचलन छ । *रासस/एएनआई*

# अति कठिन परीक्षामा एक करोड चिनियाँ विद्यार्थी

**बेइजिङ–** विद्यालय शिक्षा पूरा गरेका एक करोड ३० लाख चिनियाँ विद्यार्थी कलेज प्रवेशको अति कठिन परीक्षामा सहभागी भएका छन् । चार वर्षपछि भएको उक्त परीक्षा चीनमा गाओकाओका नामले परिचित छ ।

उच्च शिक्षा हासिल गर्न चाहनेहरूका लागि अति जटिल प्रश्न सोधिने यो परीक्षा उत्तीर्ण गर्नुलाई चीनमा ठूलो उपलब्धि मानिन्छ । कोरोनाका कारण नराम्ररी प्रभावित भएको चीनमा त्यसविरुद्धका सबै नियन्त्रणात्मक उपाय हटाएपछि मात्र प्रवेश परीक्षाको तयारीका अनलाइन कक्षा सञ्चालन भएका थिए । 'म विगत चार वर्षदेखि प्रवेश परीक्षाको तयारीमा जुटेकी छु, आइतबार बाहेक हरेक दिन बिहान ४ बजे उठेर पढेकी छु, मैले गर्न सक्ने सबै काम गरेको छु, तर म अझै अलि नर्भस नै छु,' शेन्जेनमा उच्च विद्यालयका १७ वर्षीया जेसी रावले परीक्षा उत्तीर्ण गर्ने आफ्नो एकमात्र लक्ष्य रहेको उल्लेख गर्दै एएफपीलाई भनिन् ।

बेइजिङमा आफ्नो सन्तानको शैक्षिक भविष्यलाई लिएर चिन्तित आमाबाबुहरू परीक्षा केन्द्र वरिपरि भेला भएका थिए । भगवान्को प्रार्थना गर्न तत्पर भएझैं उनीहरूका छोराछोरीले घुँडा टेकेका थिए परीक्षा कक्षमा प्रवेश गर्नुअघि अनि आफ्नो भाग्य खुल्ने विश्वासमा टाउकोमा रातो वस्त्र चिह्न लगाएका थिए ।

एक विद्यार्थीकी ४० वर्षकी आमा झाङ जिङले आफूलाई चिनियाँ लोककथाको पात्र बाई सुजेनसँग तुलना गरिन् । उनले आफ्नो छोराले यो परीक्षा पास नगरेसम्म उसकै अघिपछि आफू बस्नुपर्ने बाध्यता रहेको सुनाइन् । 'मेरो छोरो एकदम मनमौजी छ, ऊ भन्दा म आज धेरै नर्भस छु,' छोरोको परीक्षाबाट पिरोलिएकी उनले भनिन् ।

उनले आफ्नो छोरालाई प्राथमिक विद्यालयदेखि हाइस्कूलको पहिलो वर्षसम्मको अध्ययन आफ्नै रेखदेख र निर्देशनमा भएको बताउँदै यस परीक्षापछि पूर्णरूपमा आराम गर्ने योजनाबारे जानकारी दिइन् । *रासस/एएफपी*


